# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

कनकाई नगरपालिका,

झापा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)**


पत्र संख्याः २०७८/७९

च.नं. १३१

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
कनकाई नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
झापा।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)

नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः ०७८।७९ **प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय** मितिः२०७८।०५।०४

च.नः ११०

**श्री प्रमूखज्यू,**
**कनकाई नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**जामुनबारी, झापा।**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय,**

हामीले **कनकाई नगरपालिका, झापाको** आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचाको वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।२।४ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ (पच्चिस) यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षणबाट रु. २ करोड ३८ लाख ६५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५० लाख २५ हजार, , नियमित गर्नुपर्ने रु. ४४ लाख ४० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ८१ लाख ५२ हजार, सोधभर्ना लिनुपर्ने रु. ८ लाख र पेश्की बाँकी रु. ५४ लाख ४८ हजार रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत कनकाई नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्नसक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# कनकाई नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६।७७

**परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो र भरपर्दो विकास, लाभको समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो। नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध, सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ। प्रदेश नं. १ मा अवस्थित यो नगरपालिका अन्तर्गत ९ वडा र ४८ सभा सदस्य रहेका छन्। यो नगरपालिकाको ७९.१ वर्ग कि.मी. क्षेत्रफल र जनसंख्या ४७१४६ रहेको छ।

**स्थानिय सञ्चितकोषः-** आर्थिक वर्ष २०७६।७७ स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।यस पालिकालाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान **(NPSAS)** बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकिकृत वर्षिक प्रतिवेन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सम्पुर्ण आर्थिक कारोवारको यथार्थ एंव विस्तृत विवरण खुलाई सो विवरण प्राप्त हुन सकेन। नगरपालिकाको यस वर्षको **एकिकृत आर्थिक विवरण** निम्नानुसार रहेको छ।

**कनकाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
कनकाई, झापा

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| सि.न | विवरण | रकम | जम्मा | | विवरण | रकम | जम्मा |
| १ | गत वर्षको जिम्मेवारी | | ७१९८५२१४ | १ | **चालु खर्च** | | **३७४०५६०५५।००** |
| | कर्मचारी कल्याण कोष | ७३३०९ | | | न.प. कोष चालू | ५३४७७३१५।०० | |
| | वातावरण विकास कोष खाता | १९६१८८३ | | | सामाजिक सुरक्षा | १३१८००२००।०० | |
| | धरौटी खाता | ६९३७५४५ | | | समाज कल्याण कार्यक्रम | १८००००।०० | **(समपुरक तर्फ ६३५१५६८ संघिय फिर्ता)** |
| | मुल सचित कोष | ५७३४६५२८ | | | सशर्त अनुदान | १८६०५१०००।०० | **(ससर्त तर्फ ११३६५८४९।८० फिर्ता)** |
| | मर्मत संम्भार कोष | १६३९५३२ | | | राष्ट्रिय परिचय पत्र पञ्जिकरण | ९२७५४०।०० | |
| | अकस्मीक कोष खाता | ४०२६४१७ | | | | | |
| २ | **चालु आा व आम्दानी** | | **५२४०६९६५२।६५** | २ | **पुजीगत खर्च** | | **२६८४१०९२८** |
| | क)वित्तीय समानीकरण अनुदान संघ | १३२९०००००।०० | | | वित्तीय समानीकरण अनुदान पुजीगत अनुदान न पा | २४४४७५४६५।०० | |
| | ख) सशर्त अनुदान संघ | १९५९०२६८२।०० | | | पर्यटन पुर्वाधार विकास कार्यक्रम | ४९९९९९९।०० | |
| | समपुरक अनुदान स३ | ११५०००००।०० | | | स्थानिय पुर्वाधार विकास कार्यक्रम | १८९३५४६४।०० | |
| | समानीकरण अनुदान प्रदेश | ७३९९०००।०० | | ३ | **अन्य कोष खर्च** | | **६२८३२८१८।२३** |
| | प्रदेश सरकार अनुदान | ३९७३१०००।०० | | | मर्मत सम्भार कोष र कर्मचारी कल्याण ५००१ | १४७७२२४ | |
| | सडक बोर्ड नेपाल | ११५००००।०० | | | आकस्मिक कोष ७००१ | १३५७९१६८.९८ | |
| | अन्य आय | ०।०० | | | धरौटी खाता | ४७७७६४२५.२५ | |
| | पिएलजिएपी | ३१०९०७।०० | | ४ | **आगमी आ.व लाई जिम्मेवारी सर्ने** | | **११३४३६९००।६०** |
| | आन्तरिक आय | ६०३८६७४९।०० | | | धरौटी खाता | ५३४८२८६ | |
| | राजश्व वाडफाड संघ | ५३८०६८०८।६५ | | | मुल संचित कोष | १०००३६०२०।६५ | |
| | राजश्व वाडफाड प्रदेश घर जग्गा रजिष्ट्रेशन | १४६३२७४३।०० | | | कर्मचारी कल्याण कोष ५००१ | ७३३०९।०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | राजश्व वाडफाड प्रदेश सवरी साधनवाट प्राप्त | ६३४९७६३।०० | | | आकस्मीक कोष खाता ७००१ | ६२३०७१०.९५ | |
| ३ | **विषयगत निकायबाट प्राप्त रकम** | | **१५८४६३२०३।००** | | अन्य कोष खाता ५००१ | १७४८५७४।०० | |
| | समाज कल्याण कार्यक्रम | १८०००००।०० | | | | | |
| | राष्ट्रिय परिचय पत्र पञ्जिकरण | ९२७५४०।०० | | | | | |
| | पर्यटन पुर्बाधार विकास कार्यक्रम | ४९९९९९९।०० | | | | | |
| | स्थानिय पुर्बाधार विकास कार्यक्रम | १८९३५४६४।०० | | | | | |
| | सामाजिक सुरक्षा | १३१८००२००।०० | | | | | |
| ४ | **विभिन्न कोषको आय** | | **६४२१८६३२।१८** | | | | |
| | मर्मत सम्भार कोष र कर्मचारी कल्याण ५००१ | २२४८००३।०० | | | | | |
| | आकस्मिक कोष ७००१ | १५७८३४६२।९३ | | | | | |
| | धरौटी खाता | ४६१८७।६६।२५ | | | | | |
| | **जम्मा** | | **८१८७३६७०१।८३** | | | | **८१८७३६७०१।८३** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | **लेखापरीक्षणको क्रममा औल्याए पश्चात रु. ५८ हजार तथा प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु. १ लाख २९ हजार समेत रु. १ लाख ८७ हजार असुली भएको छ।** | | |
| १. | **<u>वित्तीय विवरण</u>** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार नगरपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br><br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | |
| २. | **<u>बैङ्क हिसाब मिलान नगरेको:</u>** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयको असार मसान्तको बैंक मौज्दात रु.१५,१४,६५,६२७।४४ र श्रेस्ताको मौज्दात रु.१०,००,३६,०२०।६५ गरी फरक रु. ५,१४,२९,६०६।७९ देखिएको छ।बैंक हिसाब विवरण तयार गरी यकिन हुनु पर्ने देखिन्छ। | | |
| ३. | **<u>आन्तरिक नियन्त्रण प्रणाली:</u>** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को पूर्ण प्रयोग गरेको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | | |
| ४. | **<u>चौमासिक पूँजीगत खर्च</u>** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। प्रथम चौमाशिकमा रु. १,९९,८८,०००/- दोश्रो चौमाशिकमा रु. ४,७६,३५,०००/- र तेश्रो चौमाशिकमा रु. १७,६८,५२,०००/- खर्च गरेको पाइयो। आर्थिक वर्षको अन्त्य तिर तेश्रो चौमाशिकमा कुल खर्चको ७२.३३ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा अधिक मात्रामा कार्य संचालन गर्दा संचालित कार्यक्रमको प्रभावकारीतामा नकारात्मक असर पर्ने स्थिति रहन्छ। तर्सथ आर्थिक वर्षको अन्त्यमा अधिक खर्च गर्ने कार्यमा नियन्त्रण गरी वार्षिक कार्यक्रम बजेट तथा लक्ष्य अनुसार चौमाशिक रुपमा कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ। | | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| १ | विभिन्न शिर्षक | २४४४७५ | १९९८८ | ४७६३५ | १७६८५२ | प्राप्त नभएको |
| | कूल खर्चः | २४४४७५ | १९९८८ | ४७६३५ | १७६८५२ | |
| | खर्च प्रतिशत | १०० % | ८.१७% | १९.४८% | ७२.३३% | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| ५. | **<u>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | | |
| ६. | **<u>कल्याण कोष</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । गत आ.व.मा उक्त कोषमा रु. ७३,३०९/- रहेकोमा उक्त रकम यस आ.व.मा पनि खर्च नभएको विवरण प्राप्त भएको छ। | | |
| ७. | **<u>कानून र सञ्चालन स्थिति</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ३ वटा नियमावली, २७ कार्यविधि लगायत ३५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | | |
| ८. | **<u>न्यायीक समिति</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । स्थानीय तहको लेखा परीक्षणको क्रममा संकलन गर्नु पर्ने विवरण सम्बन्धि फारम नं. १७ संग सम्बन्धित विवरण लेखा परीक्षणको क्रममा | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | प्राप्त नभएकोले यस सम्बन्धमा एकिन गर्न सकिएन । | | |
| ९. | **गतको पेश्की जिम्मेवारी** – गतवर्ष एकिकृत आर्थिक विवरणमा कार्यालय भवन बापत पेश्की बाँकी रु. ५८,९२,१४५/- र अन्य तर्फ पेश्की बाँकी रु. ४,५५,९००/- गरी जम्मा रु. ६३,४८,०४५/- पेश्की मौज्दात बाँकी देखाएकोमा यस वर्षको एकिकृत आ.वि.मा सो रकम जिम्मेवारी सारेको पाइएन। | | |
| | **वित्तीय समानीकरण चालु:** | | |
| १०. | **कर्मचारी प्रोत्साहन भत्ता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ।स्थानीय तहले कनकाई नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ र कर्मचारी प्रोत्साहन कार्यविधि ऐन २०७५ बनाइ नगरपालिकाको कार्यालय र वडा कार्यालय भित्र कामकाज गर्ने कर्मचारीहरुलाई मासिक रुपमा खाइपाइ आएको निजको सुरु तलब स्केलको २० प्रतिशत हुन आउने रकम खाजा तथा यातायात खर्च वापत एकमुष्ट मासिक रुपमा उपलब्ध गराउने व्यवस्था गरी रु.२५,१२,०३८। कर्मचारी प्रोत्साहन वापत भुक्तानी खर्च गरेको छ। | | |
| ११. | **स्वकिय सचिव र कानुनी सल्लाहकार** - प्रदेश नं १ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकिय सचिव र कानुनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ। तर नगरपालिका नगर प्रमुखको स्वकीय सचिव र नगरपालिकाको कानुनी सल्लाहकारका रुपमा निम्नानुसारका व्यक्तिहरुलाई करार पदमा नियुक्त गरी निम्नानुसारको भुक्तानी गरेको छ। | | |

| क.सं | कर्मचारीको नाम/पद | रकम |
|---|---|---|
| १. | नगर प्रमुद स्वकिय सचिव कुशल आचार्य | १३३२५८ |
| २. | कानुनी सल्लाहकार खगेन्द्र दङ्गाल | २३४००० |
| जम्मा | | ३६७२५८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| १२. | **आर्थिक सहायता:** सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीति मार्गदर्शन २०७५ को बुदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेरमात्र क्षतिपुर्ति, औषधि उपचार र आर्थिक सहायता वापतको खर्च उपलब्ध गराउने उल्लेख छ।नगरपालिकाले आर्थिक सहायता कार्यविधि,२०७७ बनाई दुर्घटना, दिर्घरोग तथा अन्य उपचार, गरिब तथा असहाय, संघ-संस्था, जिल्लास्तर वा सो भन्दा माथिको कार्यक्रम, दाह संस्कार तथा काजकृयाको शिर्षकमा रु.१००० देखि १५००० सम्म आर्थिक सहायता दिने व्यवस्था गरी रु.४,०४,७००। आर्थिक सहायता स्वरुप भुक्तानी गरेको छ। | | |
| १३. | **आदेश वेगर मर्मत:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विलभर्पाइ सहितको लेखा राखु पर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न मेसिनरी औजार तथा सवारी साधन मर्मत गर्दा मर्मत आदेश भरी कार्यालय प्रमुख बाट स्वीकृत गराई मर्मत गर्नुपर्नेमा कतिपय मर्मत कार्यमा मर्मत आदेश र इस्टिमेट प्रयोग नगरेकोले प्रमाण पेश हुनु पर्ने रु. | ६८३७३९ | |

| गो.भौ.नं/मिति | फर्म/कार्यक्रमको नाम | गाडी नम्बर | रकम |
|---|---|---|---|
| ८/५/९ | कार्यालयमा विद्युत मर्मत कार्य | - | ७९७९१ |
| १०/५/९ | सोलार मर्मत | - | २५६१९ |
| १६/५/११ | बिर्ता अटो वक्स प्रा.लि. (६०६६५६७५३) | मे १ झ १२२ | ८९७६५ |
| ३१/५/३० | एस.आर. अटोमोटिभ्स (फ्यान, मर्मत, मेशिनरी मर्मत) | - | २०००१ |
| ३४/६/२ | इलाका प्रहरी कार्यालय गाडी मर्मत /भाग्यलक्ष्मी ट्रेड लिंक, न्यु पूर्वाञ्चल अटो | बा-१-झ ७४४२ | ८१००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | सेन्टर) | | |
| ३९/६/६ | न्यौपाने फर्निचर उद्योग | | १६८०० |
| ९०७/७ | पाथिभरा मोटरसाइकल वर्कसप एण्ड पार्टस | मे१ब १८९ | ११११५० |
| ११५/८/३ | गणपति ट्रेडर्स<br>माइजी डाइनामा एण्ड ब्याट्री सर्भिस<br>अफिस कुर्सी १ थान | मे १ द २९ | ३०४३० |
| १३९/८/२२ | गणपति ट्रेडर्स / जेसिबि मर्मत | | १२४५० |
| १४५/९/२ | पाथिभरा मोटरसाइकल वर्कसप एण्ड पार्ट्स | मे १ ब ६६६ | ५७५५ |
| १७३/९/२८ | गणपति ट्रेडर्स / जेसिबि मर्मत | | १३००० |
| १७५/९/२८ | आइटेक सर्भिसेज / कम्प्युटर मर्मत | | १७००० |
| १९३/१०/१५ | भाइजी डाइनामा एण्ड ब्याट्री सर्भिसेज<br>गणपति ट्रेडर्स | मे १ द २९ | ११५०० |
| २४७/११/६ | गणपति ग्रिल उद्योग | - | १५६२० |
| ३०८/२/५ | गणपति ग्रिल उद्योग | | १५६०० |
| ४३०/३/३१ | बिर्ता अटो वक्स प्रा.लि. | मे १ झ १२२ | २३८२५८ |
| जम्मा | | | ६८३७३९ |

**१४.** **लगवुक वेगर इन्धनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विलभर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। कार्यालयले विभिन्न सवारी साधनमा इन्धन राख्दा लकबुक राखी श्रेस्ता राख्नु पर्नेमा कतिपय बिल रकममा सो नगरेको अवस्था देखिएकोले इन्धन प्रयोग गर्दा नियमानुसार लगबुक प्रयोग गर्नु पर्दछ।

**१५.** **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(१) अनुसार जिन्सी माल सामान ७ दिन भित्र दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने उल्लेख छ। कार्यालयले विभिन्न कार्यको सिलसिलामा खरिद गरेका खप्ने र नखप्ने जिन्सी सामानहरु दाखिला नगरेको साथै अन्य संस्थालाई अनुदान स्वरुप उपलब्ध गराएको सामानको सम्बन्धित संस्था र कार्यालयले आफ्नो जिन्सी खातामा दाखिला नगरेका कारण जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. — बेरुजू रकम: १९३१४२२

| गो.भौ.नं/मिति | फर्म/ कार्यक्रम/ उ.सको नाम | बिल नं. | सामानको विवरण | रकम |
|---|---|---|---|---|
| चालू तर्फको | | | | |
| ४१/६/६ | इको ग्रिन कन्सल्टेन्सी प्रा.लि. | | वातावरणीय परीक्षण प्रतिवेदन (आईइइ) | २०००१० |
| १२२/८/५ | झापा नवयुग स्ट्रक्चर एण्ड डिजाइनर्स | ०२ | दुर्गापुर सिमसार मार्गको डि.पि.आर. (पेश नभएको) | ३२८७५ |
| १३३/८/२२ | त्रिदेव ट्रेड लिंक | २९१० र २९११ | गार्डेनको सामाग्री | ६२२५ |
| १४५/९/२ | अमरदिप इलेक्ट्रोनिक | १८७ | टेलिफोन र वायर | ६१९२ |
| २५३/११/२२ | झापा नवयुग स्ट्रक्चर एण्ड डिजाइनर्स | ०४ | दुर्गापुर सिमसार बजार स्रोतको व्यावसायिक भवन डि.पि.आर. (पेश नभएको) | १५०००० |
| २६७/११/३० | झापा नवयुग स्ट्रक्चर एण्ड डिजाइनर्स | ०६ | कनकाई-१ नमुना चौक देखि जामुनबारी सरस्वती मा.वि. सकुन्तला खत्रीको घर सम्मको बाटोको डि.पि.आर. (पेश नभएको) | ७३३०० |
| ३२५/२/२६ | राम रत्न कन्सलटेन्ट एण्ड विल्डर्स प्रा.लि. | ००४ | रमणीय पिकनिक स्पोटको डि.पि.आर. वडा नं. ८ | १६९५०० |
| ३५४/३/१८ | झापा नवयुग स्ट्रक्चर एण्ड डिजाइनर्स | ०२ | सहिद मार्गको डि.पि.आर. वडा नं. ८ (पेश नभएको) | १८७८७५ |
| ४१५/३/३० | सरोज स्टोर्स | ४९,४८ | रिभल्भिङ कुर्सी | १६००० |
| पुजिगत तर्फ | | | | |
| ३६७/११/६ | विराट प्राविधिक शिक्षा एंव परामर्श प्रा.ली | ११ | धार्मिक वन वाटिका डि पि आर (पेश नभएको) | १५०००० |
| ४२३/१२/०३ | विराट प्राविधिक शिक्षा एंव परामर्श प्रा.ली | १२ | जामुन बारी धनुषकोटी धाम मार्ग डि पि आर | १००००० |
| ३९६/११/२९ | पन्चकन्या प्रा.वि बालकक्षा व्यवस्थापन (विद्यालयले जिन्सी दाखिला नगरेको) | विविध | कार्पेट, मेट्रेस, डेनराइट, प्लास्टिङ्ग पिङ र खेलौना | ५४९२५ |
| ४८४/१/२९ | श्री दुर्गा मन्दिर व्यवस्थापन (मन्दिरले आफ्नो जिन्सीमा आम्दानी नबाधेको) | विविध | सिलिङ फेन, स्टिल दराज, प्लास्टिक कुर्सी, टेवल | ५०००० |
| ५४५/२/१८ | जानकी आ.वि (विद्यालयले | विविध | दराज टुल टि.भि प्रिन्टर कुर्सी, वाइटबोर्ड | ९८५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | जिन्सी दाखिला नगरेको) | | | |
| ५५४/२/१९ | कन्काइ मा.वि (विद्यालयले जिन्सी दाखिला नगरेको) | ११६ | संग्रौला ब्रदर्श एण्ड सन्स सिलिङ पंखा ४५ थान | ९५६५० |
| ५७०/२/२१ | ससरंगी महिला उ.भो.स (उ.सले आफ्नो जिन्सीमा आम्दानी नबाधेको) | विविध | सिलिण्डर, चुला, कुर्सी, टेबल | ५०००० |
| ६५७/३/७ | नेपाल दलित संचालन सामाग्री खरिद उ.स (उ.सले आफ्नो जिन्सीमा आम्दानी नबाधेको) | विविध | कुर्सी, टेवल, भाडा | ३०००० |
| ६२३/२/३० | ज्ञान लक्ष्मी महिला समुह (समुहसले आफ्नो जिन्सीमा आम्दानी नबाधेको) | विविध | कुर्सी कार्पेट योगा म्याट माइक्रोफोन स्टयान दराज | ५०००० |
| ७३/७/७ | वडा कार्यालय संचालन (दाखिला नभएको) | | फर्निचार खरिद १०० वटा | ५५५७० |
| ८१/७/७ | वडा कार्यालय संचालन(दाखिला नभएको) | | साइकल लगायत | ८००० |
| २०९/९/२० | गायत्री महिला समाज(दाखिला नभएको) | | फर्निचर खरिद | ५०००० |
| ७६०/३/२२ | बालबालिका संरक्षण समिति (दाखिला नभएको) | | खेलकुद सामाग्री | १२८५०० |
| ११५/८/२८ | | - | क्यानन् क्यामेरा एच.पि. | १६८३०० |
| जम्मा | | | | १९३१४२२ |

**१६.** <u>**सफ्वेयर खरिद**</u> - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले निम्नानुसारका सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४,३८,०००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| गो.भौ.नं/मिति | फर्मको नाम | सफ्टवेयरको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ५२/६/१२ | Softeh Infosys P.Ltd | जिन्सी व्यवस्थापन सफ्टवेयर | ११३००० | सफ्टवेयरको जिन्सी दाखिला नभएको। |
| १४२/९/१ | फिनिक्स सोलुसन प्रा.लि | नक्सा पास तथा भवन निर्माण कार्य व्यवस्थापन प्रणाली | ३२५००० | |
| जम्मा | | | ४३८००० | |

<u>**वित्तीय समानिकरण पुँजिगत**</u>

**१७.** <u>**ठेक्का नं. ३/०७६/७७**</u> — कन्काई बहुउद्देशिय सामुदायिक भवन निर्माण कार्यको लागि रु. ५,७५,४२,७०८।२४ लागत अनुमान स्वीकृत भई सवैभन्दा घटी कबोल गर्ने याक्थुम्हाङ एस.ए.एस जे.भी को कबोल अंक रु ४,९६,५२,०६२.८६ को कार्य मिति २०७९/०९/२५ सम्ममा सम्पन्न गर्ने गरी मिति २०७७/०३/१२ मा सम्झौता भएको र पेश्कि बापत रु. ४९,६५,२०६/- भुक्तानी खर्च लखेको देखिन्छ।यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन्-

<u>(क)</u><u>**बढी पेश्की:**</u> (गो.भौ.नं ९१५/३/३१) - कृषि विकास वैंक फिदिमको मिति २०२०/७/७ को अग्रिम भुक्तानी वैंक जमानत अनुसार रु. ८७,००,०००/- बैंक जमानतको म्याद ६ जुलाई २०२२ सम्म रहेको र रु.४९,६५,२०६/- पेश्की भुक्तानी भएको देखिन्छ। सम्झौतामा तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम अनुसार मु.अ.कर र प्रोभिज्नल सम रकम कट्टा गरी भुक्तानी दिनु पर्नेमा पुरै रकमको भुक्तानी भई बढी भुक्तानी रु.८,११,८८२। फिर्ता प्रास गरी हिसाब मिलान हुनु पर्ने रु. — ८११८८२

| प्रोभिजनल सम र मु.अ.कर बाहेक कबोल अंक | १० % ले हुने रकम | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|
| ४,१५,३३,२४७ | ४१,५३,३२४ | ४९६५२०६ | ८,११,८८२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | (ख) **निर्माण स्थलको व्यवस्था** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था र वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएर मात्र बोलपत्र आह्वान गर्नु पर्ने व्यवस्था छ। कार्यालयले निर्माण स्थलको व्यवस्था बेगर कन्काई बहुउद्देशिय सामुदायिक भवन निर्माण कार्यको लागि ठेक्का सम्झौता गरी पेश्की खर्च रु. ४९,६५,२०६/- लेखि सकेको अवस्थामा ठेक्का सम्झौता भएको ९.५ महिना सम्म पनि निर्माण स्थलको व्यवस्था गर्न नसकेको र हाल सम्म उक्त स्थानमा स्थानिय हाटबजार हटाउन नसकेको अवस्था रहेको छ। यसरी पेश्की भुक्तानी रकमको सदुपयोग नभई निर्माण व्यवसायीलाई फाईदा पुग्ने गरी ठेक्का सम्झौता हुनु नियम विपरित देखिन्छ।हाल अन्यत्र जग्गा प्राप्त भई हाट बजार सार्ने र उक्त स्थान खाली गराई निर्माण व्यवसायीलाई निर्माण स्थलको व्यवस्था भई सकेको कार्यलयको भनाई रहेको छ। | | |
| १८. | **पेश्की कायम गर्नुपर्ने:** (गो.भौ.नं.८०८/३/२५) - स्मार्ट सडक बत्ती जडान गर्ने कार्यको लागि रु. १,८८,५१,२२५/- को लागत अनुमान स्वीकृत भई सो रकमको ६० प्रतिशतले हुन आउने रकम रु.१,१३,१०,७६५/- मध्ये रु. ४०,००,०००/- नेपाल विद्युत प्राधिकरणलाई पेश्की खर्च लेखी विल भरपाई मुल्यांकन सहितको प्रमाण पेश भएपछि पेश्की फछ्यौट गर्नु पर्नेमा सोझै भुक्तानी खर्च लेखिएको हुँदा उक्त रकमको कार्य सुरु नै नभएको अवस्थामा आवश्यक प्रमाण बेगर भुक्तानी खर्च लेखेको सम्बन्धमा उक्त खर्चलाई पेश्की कायम गर्नुपर्ने रु. | ४०००००० | |
| १९. | **अलग कर विजक जारी:** (गो.भौ.नं.५४७/२/१८) - खानेपानी मार्ग सडक कालोपत्रे कार्यको लागि रु.८,१८,७८८/- को लागत अनुमान स्वीकृत भई प्रथम विलबाट रु.७,५०,०००/- भुक्तानी खर्च भएकोमा निर्माण व्यवसायी स्टार ब्रदर्श कन्स्ट्रक्सनको ०१ मिति २०७६/११/५ मा जारी मु.अ.कर दर दर्ता नं. ३०४२५९६२३ हुन पर्नेमा विजक जारी गर्दा ६०४२५९६२३ नं. गरी अलग कर विजक जारी गरेर रु.९२,०४०/- मु.अ.कर भुक्तानी भएकोले उक्त रकम मु.अ. कर दाखिला भएका प्रमाण पेश हुनु पर्ने रु. | ९२०४० | |
| २०. | **अग्रिम भाडा कर**- (गो.भौ.नं.९४/७/१८) - लक्ष्मी मार्ग सडक स्तर उन्नती सव वेश तयार गर्ने कार्यको लागि रु.३,३४,४३७/- लागत अनुमान तयार गरी रु.३,३६,४२८/- को मुल्यांकन भई रु.३,२४,०००/- भुक्तानी खर्च लेखेकोमा मेसिन भाडामा लिइ भुक्तानी खर्च लेखेको अवस्थामा १० प्रतिशतका दरले अग्रिम कर वापत भाडाकर असुल उपर गरिने उल्लेख छ। उपभोक्ता समितिले ग्रेडर रोलर भाडामा लगाई रु. ६००००/- भुक्तानी खर्च लेखेकोमा रु. ६०००/- अग्रीम भाडा कर कट्टा नभएकोले उक्त रकम असुल हुनु पर्ने रु. | ६००० | |
| २१. | **युवा स्वरोजगार कार्यक्रम:** (गो.भौ.नं - १११/१३/४२०) - युवा स्वरोजगार कार्यक्रम अन्तर्गत छनौट भएका ३४ जनालाई पृथ्वी वचत तथा ऋण सहकारी संस्था मार्फत ऋण रकम उपलब्ध गराउने कार्यको लागि मिति २०७६/७/२० मा उक्त संस्थासँग सम्झौता भई रु. ३४,००,०००/- उक्त संस्थालाई भुक्तानी खर्च लेखेको देखिन्छ। संस्थाले बेरोजगार युवालाई ऋण प्रदान गरेको प्रमाण, ६ % व्याज रकम असुल गरेको प्रमाण, किस्ता रकम ६/६ महिनामा हिसाब हुनेछ भनी उल्लेख भएकोमा सम्झौता अनुसार उठ्न बाँकी रकम र ब्याज रकम फिर्ता प्राप्त हुनु पर्ने रु. | ३४००००० | |
| २२. | **निर्माण व्यवसायीबाट कार्य गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को पाँचौ संशोधन २०७३ को नियम १३ (क) अनुसार उपभोक्ता समितिले प्राप्त गरेको काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सम्झौता रद्द गरी निर्माण व्यावसायीलाई समेत कालोसुचीमा राख्न शीफारिस गर्ने व्यवस्था रहेको छ। कार्यालयले उपभोक्ता समितिसँग सम्झौता गरी विभिन्न निर्माण कार्य संचालन गर्न दिएकोमा प्राय अधिकांश उपभोक्ता समितिले निर्माण व्यावसायीबाट कार्य गराएको संलग्न विल भरपाईबाट देखिन्छ। यसरी नियम विपरित १९ योजनामा निर्माण व्यवसायी बाट कार्य गराई रु.१२९९६१३६। भुक्तानी खर्च लेखेको देखिन्छ। | | |
| २३. | **नपुग वहाल कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८८ (५क) अनुसार सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई सवारी साधनको भाडा वापत भुक्तानी गर्ने रकममा १.५ प्रतिशतले कर कट्टी | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| | गर्ने व्यवस्था छ। यसै प्रावधानलाई आधार बनाई देहाय अनुसारका निर्माण व्यवसायीले उपभोक्ता समितिलाई डोजर भाडामा लगाई भुक्तानी गरेको रकममा १.५% प्रतिशत मात्र स्रोतमा मात्र कर कट्टी गरेको छ। डोजर भाडामा लगाउने निर्माण व्यवसायी सवारी साधन भाडामा दिने व्यवसाय गर्ने इजाजत प्राप्त व्यक्ति भएको प्रमाण पेश नगरेको तथा सम्बन्धित मेसिन उपकरणको स्वामित्व सम्वन्धी प्रमाण नराखी उपभोक्ता समितिबाट भाडाको रकम भुक्तानी लिएको पाइएकोले प्रमाण पेश हुन पर्न रु. | ४२३६८३ | |

| भौ.नं./मिति | संस्था/ठेकेदारको नाम | योजना/कामको विवरण | विल रकम | भाडा रकम ८.५% कर |
|---|---|---|---|---|
| ९५/७/१८ | पृथ्वी निर्माण सेवा | लक्ष्मीमार्ग सडक मर्मत उपभोक्ता समिति | ८८५०० | ७५२२ |
| १३१/८/११ | इन्टरनेशनल इन्जिनियरिङ | चम्पापुर युवा क्लव खेल मैदान | १४२००० | १२०७० |
| १३५/८/१२ | अस्मो कन्सट्रक्सन | लुकुनी विफली मार्ग | १४००० | ११९० |
| १९९/९/१५ | अस्मो कन्सट्रक्सन | शान्ती मार्ग निर्माण उपभोक्ता समिति | ११५०५ | ९७७९ |
| २६०/९/२८ | पाथिभरा कन्सट्रक्सन | डिल्लीराम मार्ग स्तर उन्नती | ३३६२८ | २८५८ |
| २६०/९/२८ | पार्वती अम्बिका कन्सट्रक्सन | डिल्लीराम मार्ग स्तर उन्नती | २७००० | २२९५ |
| ३८५/११/२८ | सीता कन्सट्रक्सन | विरिङ नदि नियन्त्रण | ९१६०१९ | ७७८६१ |
| ८९४/३/३० | आश्रपुल कन्सट्रक्सन | विरिङ नदि नियन्त्रण | १२४२०० | १०५५७ |
| ४७५/१/१० | कन्काइ बिर्ता अर्जुनधारा नविकरणीय उर्जा प्रा.लि. | कन्काई विर्ता नविकरणीय उर्जा | ६५०००० | ५५२५० |
| ३५९/११/५ | पार्वती अम्बिका कन्स्ट्रक्सन प्रा.ली | चेतन मैनालीको घरबाट बाटो ग्राभेल | ७६११० | ६४६९ |
| ४२५/१२/४ | पाथीभरा कन्स्ट्रक्सन | विष्णु मार्ग स्तरउन्नती उ.स | ५३०९७ | ४५१३ |
| ४२५/१२/४ | अस्मो कन्स्ट्रक्स्न | विष्णु मार्ग स्तरउन्नती उ.स | ३५०२०९ | २९७६७ |
| ५८७/२/२६ | पाठक निर्माण सेवा | हलुकुचु गाउँ जाने बाटो विस्तार | २७००० | २२९५ |
| ८२९/३/२६ | - | विरिङ तथा घाग्र नदि नियन्त्रण | ३५५०० | ३०१७ |
| ४७५/१/१० | - | कन्काइ बिर्ता अर्जुनधारा नविकरणीय उर्जा प्रा.लि. | ३००००० | २५५०० |
| ९३१/३/११ | - | पुल निर्माण उ.स. | ३७८८५ | ३२२० |
| ७१४/३/१७ | - | माझियान भाडो निर्माण उ.स. | ७०५०० | ६०१८ |
| ५५१/२/१८ | - | सुरुङ्गा खोला नियन्त्रण उ.स. | ४४२४७७ | ३७६१० |
| ४९५/१/३० | - | विरिङ्ग नदि नियन्त्रण उ.स. | १२४९४६९ | १०६२०४ |
| ८१०/३/१५ | - | सन्काह खोला नियन्त्रण | १३६१६६ | ११५७४ |
| १/१०/५ पर्यटन पूर्वाधार | पार्वती अम्बिका कन्स्ट्रक्सन प्रा.ली | कन्काइधाम पर्यटन पूर्वाधार निर्माण उ.स | ९५४६१ | ८११४ |
| जम्मा | | | | ४२३६८३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| २४. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बर्षौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| भौ.नं/मिति | कार्यक्रमको विवरण | लागत अनुमान | कार्य सम्पन्न | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| ८१०/३/२५ | सन्काह खोला नियन्त्रण | १५४४५७५ | १५४६४३८ | १५००००० | पुरा कार्य नभएको |

२५. **<u>सम्झौता अनुसार कार्य नभएको</u>** - (गो.भौ.नं. ९०९/३/३०) - उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ नगरपालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुका साथै आ.व.२०७७।७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन। तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ। यसबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्।

क) **<u>डेलुवाबारी खेलकुद मैदान निर्माण</u>** - भवन निर्माणको बजेटबाट डेलुवाबारी खेलकुद मैदान निर्माण गर्न रु. १५,४५,०७२/- को लागत अनुमान स्वीकृत भई मिति २०७६/१२/७ मा सम्झौता भएको र रु. १५,००,०००/- भुक्तानी खर्च भएकोमा रु. १५,४६,०८३/- को मुल्यांकन भएको जनाई पुरै रकम भुक्तानी भएको देखिन्छ। तर निर्माण स्थलमा पुरै कार्य सम्पन्न भई सकेको अवस्था नदेखिएकोले उक्त कार्य रकमको आधारमा सम्पन्न जनाएको सम्बन्धमा यकिन हुनु पर्दछ।

२६. **<u>सम्झौता अनुसार कार्य नभएको</u>** - उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालिका र उपभोक्ता समिति बीच रु.१,३५,४८,९६५/- को कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष रु.४१,६८,८०२/- को मात्रा कार्य भएको पाईयो । सालबसालि रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै आ.व.२०७७।७८ मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन। तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।

| भौ.नं/मिति | उपभोक्ता/ठेकेदार | कामको विवरण | सम्झौता रकम | यो वर्ष खर्च | हाल सम्मको खर्च | कैफियत |
|---|---|---|---|---|---|---|
| ९३१/३/३१ | कन्काई ५ र ६ बिच सानो माई उ.स. | पुल निर्माण | २७०९५३१ | २११८६०८ | २३२३१६० | दण्डिको कार्य मात्र भएको ढलान हुन बाँकी रहेको अवस्थामा कार्य स्वीकार नभएकोमा पुरा कार्य जनाई |
| ९२३/३/३१ | शिव मन्दिर निर्माण उ.स. | मन्दिर निर्माण | ३०८८४६१ | ३००००० | ३००००० | |
| ३८२/११/२८ | वडा नं.५ भवन निर्माण उ.स. | भवन निर्माण | ६२५०९७३ | १७५०१९४ | २८३७५०० | |
| ५९५/२/२७ | विपन्न आवास | वडा नं. ३ | १५००००० | - | - | मुल्यांकन कार्य सम्पन्न पेश नभएको निर्माण कार्य |
| | **जम्मा** | | **१३५४८९६५** | **४१६८८०२** | **५४६०६६०** | |

२७. **<u>कार्य सम्पन्न प्रतिवेदनः</u>** (गो.भौ.नं. ९३१/३/३१) कन्काई ५ र ६ बिचको सिमानाको बाटोमा सानोमाई पुल निर्माण उपभोक्ता समितिसँग रु.२६,५९,५३१/- को लागत अनुमान स्वीकृत भई २०७७/१/३१ मा सम्झौता भएको र प्रथम विल २०७७/३/१ मा रु. १४,३१,९८६/- र दोश्रो विलबाट ६८८,६२२/- समेत मुल्यांकन भएको रकम रु. २३,२३,१६०/- मध्ये रु. २११८६०८/- सम्पन्न भएको जनाई भुक्तानी खर्च लेखेको देखिन्छ । तर पुल निर्माण कार्य डण्डीको कार्य सम्म भएको ढलान कार्य बाँकी नै रहेको अवस्थामा कार्य सम्पन्न जनाई बास्तविक कार्य अधुरो रहको उचित देखिएन ।

२८. **<u>कार्य स्वीकार प्रतिवेदन:</u>** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले निर्माण कार्य गराउँदा कार्य स्वीकार प्रतिवेदन पेश नगरी ६ योजनामा रु.४०,२१,१३८। भुक्तानी खर्च लेखेको देखिन्छ। अत: नियममा भएको व्यवस्थाको पालना गर्नु पर्दछ।

२९. **<u>कार्य सम्पन्न प्रतिवेदन</u>** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।कार्य सम्पन्न प्रतिवेदन नभएका केही उदाहरणहरु

| गो.भौ.नं./मिति | विवरण | लागत अनुमान | मुल्यांकन | भुक्तानी |
|---|---|---|---|---|
| ८२९/३/२६ | विरिङ तथा घाग्र नदि नियन्त्रण | १०२९०९८ | ९०९२९१ | ८८३००० |
| ५३०/२/८ | कन्काई विरिङ नदि नियन्त्रण | पेश नभएको | पेश नभएको | २८७००० |
| ५१९/२/७ | जगन पाण्डे चुली पथ मार्ग निर्माण | २०६११९७ | ११८२०८२ | ११८२०८२ |
| ५१६/२/५ | विपन्न परिवार आव | २१०१८२४ | ५९९९१९ | ४३५७७६ |
| ८०८/३/२५ | नेपाल विद्युत प्राधिकरण | १८८५१२२५ | पेश नभएको | ४०००००० |
| ५७८/२/२५ | चम्पाकर बजार पुर्व ढल निर्माण | १५३४८६३ | ७१४९६४ | ६७९००० |
| ५९५/२/२७ | वडा नं. ३ अति विपन्न वरग साझेदारी आवाश | ३४२३९३६ | पेश नभएको | १५००००० |
| ६८१/३/१५ | राजमार्ग नगरपालिका वडा नं ७ जोड्ने सडक | ४३५०७९४ | २०९०६७३ | १९३८२१३ |
| ६६९/३/१४ | सामुदायिक भवन निर्माण रामदरवार | ५८९१९३ | १०२९००० | १०००००० |
| ६६५/३/८ | सुरुङ्गाखोला चप्रामरी अमरपथ जोड्ने | १२३५४२८ | ३१९४३७ | ३०३००० |
| ६६३/३/८ | आवास निर्माण कार्यक्रम | २१०१८२१ | | २१२०००० |
| ३८९/११/२८ | माझीथान मन्दिर निर्माण उ.स | ५१५०० | पेश नभएको | ५०००० |
| ५०९/२/५ | श्री पशुपति प्रा.वि विद्यालय व्यवस्थापन | १५४३५० | पेश नभएको | १५०००० |
| ५२७/२/७ | शान्ती मार्गमा पेवर्स सहितको पक्की सडक नाला | १०३२८३ | पेश नभएको | १००००० |
| ५४५/२/१८ | जानकी आ.वि | ११७५९८ | पेश नभएको | ११५००० |
| | **जम्मा** | | | १४७४३०७१ |

३०. **<u>पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पुँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पुँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट १९ कार्यको लागी रु.१,७२,३८,१६०।- भुक्तानी दिएको पाईयो। यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ।

३१. **<u>वितरणमुखी कार्यक्रम</u>** — स्थानीय सरकार संचालन ऐन २०७४ दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यको आधारमा कार्यक्रम तयार गर्ने स्वीकृत गर्ने र भुक्तानी गर्नु पर्नेमा विभिन्न संघ संस्थालाई अनुदान, तालिम, कार्यक्रम, कृषि, खेलकुद, तलब, आर्थिक सहायता लगायतका शिर्षकमा वित्तीय समानिकरण पुजिगत अनुदानबाट कार्यालयले रु.१,८०,५२,९७६। खर्च गरी वितरणमुखी कार्यक्रम संचालन गरेको देखिन्छ। अतः यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ।

३२. **<u>अनुदानको अनुगमन</u>** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदान गरी रु.२६,२३,०००। खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३३. **<u>नाफामूलक संस्थालाई अनुदान</u>** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । नगरपालिकाले यस वर्ष देहायअनुसारका ३ वटा

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|
| | नाफामूलक संस्थाको लागि रु.४४,४०,०००/- अनुदान उपलब्ध गराएको रकम नियमित नदेखिएको रु. | ४४४०००० | |

| गो.भौ.नं. | नाफामुलक संस्था | विवरण | रकम |
|---|---|---|---|
| १११/७/२७ | पृथ्वी वचत तथा ऋण सहरकी संस्था | युवा स्वरोजगार कार्यक्रम | ३४००००० |
| १३०/८/१० | कनकाई पोलिटेक्निक इन्टिच्युट | कार्यपालिकाको २०७६/७/२९ को निर्णयले सभाबाट अनुमोदन गर्नेगरी सवारी साधन खरिदबाट प्रमाण बेगर सोझै भुक्तानी | १०००००० |
| २८१/१०/१५ | छहारी नेपाल कृषि सहकारी संस्था | मकै विक्रि वितरण | ४०००० |
| जम्मा | | | ४४४०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|
| ३४. | **<u>गैरसरकारी संस्थामार्फत तालिम कार्यक्रमः</u>** (गो.भौ.नं.१९०/९/३) सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ र ४६ जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवालीकरण, मुलप्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्था वा उपभोक्ता समितिबाट गराउदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा यस्तो कार्य गैरसरकारी संस्था तथा उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ। कार्यालयले प्रतिस्पर्धा तथा सूचना प्रकाशित नगरी गैरसरकारी संस्था तथा उपभोक्ता समितिबाट देहाय अनुसार तालिम संचालन गरेकोमा छिटो, छरितो तथा मितव्ययी भएको देखिएन। अत: यसरी सोझै प्रस्तावको आधारमा तालिम कार्यक्रम संचालन गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।युवा वर्गको विकास, सिपमुलक तालिम, सिपमुलक रोजगार, युवा उत्प्रेरणा आदि तालिमको लागि सुरुङ्गा जेसिजसँग २०७६/७/२२ मा संझौता भई रु. ३,४५,०००/- को लागत अनुमानमा रु. ३,४५,०००/- कार्यालयबाट भुक्तानी खर्च लेखेकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | | |
| | (क) विभिन्न सामाग्री भाडामा लिई रु. ७५०००/- भुक्तानी खर्च लेखेकोमा भाडा बहाल कर रु. १०००/- मात्र कट्टा भएकोले नपुग भाडाकर रु. ६५००/- असुल हुनुपर्ने रु. | ६५०० | |
| | (ख) प्रशिक्षक ४ सेसनको प्रतिसेसन १५००/-ले ६०००/- मात्र हुनेमा खाना, यातायात, बास खर्च भनी रु. ५५,०००/- भुक्तानी खर्च लेखेकोमा प्रशिक्षण अवधिको दैनिक भ्रमण भत्ता नपाउने र दैनिक भ्रमण भत्ताको लागि नियमानुसार भ्रमण विल संलग्न हुनु पर्नेमा भ्रमण विल संलग्न नभएकोले बढी भुक्तानी रकम ४९,०००/- असुल हुनु पर्ने रु. | ४९००० | |
| | (ग) गैर सरकारकी संस्था मार्फत तालिम कार्यक्रम संचालन गरीएका केही उदाहरणहरु निम्नानुसार रहेका छन्। | | |

| गो.भौ.नं./मिति | कार्यक्रम संचालकको नाम | कार्य विवरण | नर्म्स दर |
|---|---|---|---|
| १९०/९/३ | सुरुङ्गा जेसिज | सिपमुलक तालिम | ३४५००० |
| २९०/१०/१५ | चेतना नेपाल | लागु औषध | ७०००० |
| ६९९/३/१६ | श्रृजनशिल महिला समुह | अगरबत्ती तालिम | १००००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|
| ३५. | **<u>शिर्षक फरक खर्चः</u>** (गो.भौ.नं ९१३/३/३१) - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ अनुसार सालबसाली विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शिर्षक तथा उपशिर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यका निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नु पर्ने व्यवस्था छ। सामुदायिक भवन निर्माण कार्यको लागि सूचना प्रकाशित भएकोमा रिभर एडभरटाइजिङ सर्भिसेज लाई रु. १८३२२६/- पुँजिगत बजेट भवन निर्माण शिर्षकबाट भुक्तानी खर्च लेखेको देखिन्छ । बजेट खर्च बर्गीकरण अनुसार उक्त खर्च कार्यालय संचालन वा कन्टिन्जेन्सी रकमबाट खर्च लेख्नु पर्नेमा पुँजिगत बजेटको भवन निर्माण शिर्षकबाट खर्च लेखेको देखिन्छ । नियमावलीको पालना हुनु पर्दछ। | | |
| ३६. | **<u>उपभोक्ता समितिलाई मू. अ. कर</u>** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ। उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन। पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ। तपसिल बमोजिम भुक्तानी भएको मू.अ.कर रु.११६७१०। असूल हुनुपर्ने देखिएको रु.

बेरुजू रकम: ११६७१०

| भौ.नं./मिति | विवरण | ईटा खरिद विल रकम | मुल्यांकन रकम | कर विजक बेगर भुक्तानी | बढी मु.अ.कर |
|---|---|---|---|---|---|
| ४६/६/१४ | वडा कार्यालय कम्पाउण्ड | ४१००० | १०२०८८ | ६१०८८ | ७९४१ |
| २५६/९/२७ | योगी नरहरीनाथ सालिक | - | १०६२३३ | १०६२३३ | १३८१० |
| ९०९/३/३० | ईलुवाबारी खेलकुद मैदान | ८८४९५ | १३९४१७ | ५०९२२ | ६६१९ |
| २९५/१०/१५ | पाथिभरा परोपकार संस्था भवन | ४४४०० | ५९५८४ | १५१८४ | १९७३ |
| ८८१/३/२९ | कन्काई मा.वि. शौचालय निर्माण | १८७५०० | ४४७८२० | २६०२४० | ३३८३१ |
| ४३/६/१४ | वडा नं. ५ भवन निर्माण | २७१५०० | २८२७९६ | ८१२९६ | १०५६७ |
| ३८२/११/२८ | कन्काई नविकरणिय उर्जा | - | १७५९७४ | १७५९७४ | २२८७६ |
| ४७५/१/१० | सुनौलोवस्ती सामुदायिक भवन | ४८००० | १४३३६० | ९५३६० | १२३९६ |
| ७३६/३/१८ | गापनी सामुदायिक भवन निर्माण | १४२४६५ | १९३९८४ | ५१५१९ | ६६९७ |
| जम्मा | | | | | ११६७१० |

**३७.** **<u>ईन्धन खर्च</u>** — (गो.भौ.नं ८९४/३/३०) - कार्यालयले विरिङ नदि नियन्त्रण तथा तटबन्दको लागि उपभोक्ता समितिसँग सम्झौता गरी रु. १९६७०००/- भुक्तानी खर्च लेखेकोमा इन्धन खरिद र मेसिन चलेको घण्टाको तालमेल भएको देखिएन । कार्यालयबाट मुल्यांकन भएको माटो काट्ने कार्य परिमाणको तुलनामा उपभोक्ताले बढी इन्धन खर्च गरेको बिल पेश गरेको देखिन्छ । नमर्स अनुसार ०.३५ घ.मि. बकेट क्षमता भएको एक्साभेटरको इन्धन खर्च (प्रतिघन मिटर) सवै प्रकारको माटोको काममा औषत ०.२० लिटर हुन आउँछ। प्राविधिकले मुल्यांकन गरेको कुल जम्मा कटिङ कार्यको तुलनामा बढी इन्धनको विल पेश गरेको देखियो। वास्तविक स्वीकृत नमर्स अनुसार भन्दा बढी हुने गरी इन्धन विल राखी भुक्तानी भएको सम्बन्धमा यकिन हुनु पर्ने देखिन्छ।

| भौ.नं./मिति | विवरण | मुल्यांकन | रकम | औषत अनुसार लाग्ने डिजेल लि. | दर | लाग्ने रकम | विल पेश रकम | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| ८९४/३/३० | विरिङ नदि नियन्त्रण | १६०५०.९ घ.मि. | १५२४७५८ | ५६१७ | ९५ | ५३३६१५ | ७०१२९४ | १६७६७९ |

**३८.** **<u>जनश्रमदान</u>** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकाले उक्त रकम असूल हुनुपर्ने रु.

बेरुजू रकम: ४३३५२१

| भौ.नं./मिति | विवरण | भुक्तानी | लागत | उपभोक्ता | प्रतिशत | निर्माण व्यावसायी | रकम |
|---|---|---|---|---|---|---|---|
| २४८/९/२५ | सगरमाथा मार्ग सडक मर्मत उपभोक्ता समिति | ७००००० | ७२०५६६ | ४११५३ | ५.७१ | अस्मो कन्सट्रक्सन | ६८०२०० |
| २६१/९/२८ | दक्षिण जाने बाटो ग्राभेल | २००००० | २०६०७९ | ६०७९ | २.९४ | | |
| २६७/९/२९ | सडक मर्मत उ.स. | ६०००० | ६३१४१ | ३१४१ | ४.९७ | अस्मो | ६३५०२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | कन्सट्रक्सन | |
| २७६/१०/१५ | ह्यम पाइप खरिद उ.स. | ६५०००० | ६६८९१२ | १८९१२ | २.८२ | | |
| २८०/१०/१५ | धनुषकोटी मार्ग उ.स. | २००००० | २०६१६५ | ६४६५ | २.९९ | पृथ्वी निर्माण सेवा | १८३००० |
| २८५/१०/१५ | राजमार्ग जोड्ने सडक उ.स. | २००००० | २०५८२४ | ५८२४ | २.८२ | पृथ्वी निर्माण सेवा | १९५००० |
| २९५/१०/१५ | पाथिभरा परोपकार उ.स. | ३५०००० | ३६१६५३ | ११६५३ | ३.२२ | | |
| २९९/१०/१५ | लक्ष्मिपुर चोक नाला निर्माण उ.स. | ३००००० | ३१०५८७ | १०५८७ | ३.४० | | |
| ३००/१०/१६ | वनपथ सडक उ.स. | २००००० | १५४५२० | ४४२० | २.८६ | पाथिभरा कन्सट्रक्सन | १३५९९० |
| ९२३/३/३१ | शिव मन्दिर निर्माण उ.स. | ३०००००० | ३०८८४६१ | ८८४६१ | २.८६ | | |
| ८८१/३/२९ | कन्काई शौचालय भवन उ.स. | २५००००० | २५१०२७८ | ८८४६१ | | | |
| ४३३/१२/४ | कन्काई नदि नियन्त्रण उ.स. | १०००००० | २०६८४०८ | ६८४०८ | ३.३० | | |
| ८७६/३/२९ | वि.पि. वन बाटिका उद्यान निर्माण | १०००००० | १०२९४९४ | ४९८६५ | २.८६ | | |
| ८२२/३/२६ | विरिङ नदि नियन्त्रण | १०००००० | १०३००९२ | ३००९२ | २.९२ | | |
| **जम्मा** | | | | ४३३५२१ | | | |

३९. **भेरियसन-** सम्झौताको बुँदा नं. १२ मा शुरु लागत अनुमानमा कुनै आइटमहरुमा परिवर्तन हुने भएमा अधिकार प्राप्त व्यक्ति/कार्यालयबाट लागत अनुमान संसोधन गरे पश्चात मात्र कार्य गराउनु पर्ने, यसरी लागत अनुमान संसोधन नगरी कार्य गरेमा उपभोक्ता समिति नै जिम्मेवार हुने उल्लेख छ। साथै सार्वजनिक लेखा समितिको निर्देशन र सडक विभागको परिपत्र अनुसार आइटम वाइज भेरिएसन वेगर भुक्तानी नगर्न निर्देशन दिएको अवस्थामा सम्झौता अनुसार उपभोक्ता समितिलाई अन्तिम भुक्तानीमा लागत अनुमान संसोधन तथा भेरियसन स्वीकृती वेगर देहाय अनुसार भुक्तानी भएको रु ७२,३८,६३५/- सम्बन्धमा सुधार हुनु पर्दछ। उदाहरणका रुपमा केहि योजनाहरु निम्नानुसार रहेका छन्।

| गो.भौ.नं/मिति | विवरण | लागत अनुमान | मुल्याङ्कन | आइटमवाइज भेरिएसन |
|---|---|---|---|---|
| ८५/७/८ | मर्मत सम्भार उ.स. | ६१७४२० | ६३०९२० | १३५०० |
| ११०/७/५ | सडक मर्मत उ.स. | १५४५६६ | १५५०१९ | १६९८४ |
| १६५/९/१ | मिनाल तिमील्सीना पार्क | २०५७८४ | २०५७८४ | ६९७५ |
| १७९/९/२ | वि पि शालिक उद्यान निर्माण | १२०७५३५ | १२३८९२५ | ३१३८९ |
| १९२/९/१५ | धनपति संग्रौला घर सडक ग्राभेल | २०५८१३ | २०९९०४ | ४०९१ |
| ९२३/३/३१ | शिव मन्दिर निर्माण उ.स. | ३०८८४६१ | ३१२८३१३ | ३९८५१ |
| ८८१/३/९ | कन्काई मा.वि. शौचालय | २५१०२७८ | २५१४७७० | ३४१९३८ |
| ४५६/१२/६ | कोसेली घर प्रवर्धन | १६५००० | १८४९२१५ | १९९२१५ |
| ८६३/३/२९ | बाघखोला नियन्त्रण उ.स. | ५१४९६३ | ५१५१११ | १२६३६५ |
| ४७५/१/१० | कन्काई बिर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोर मैला व्यवस्थापन प्रा.लि. | ५५४८१९९ | ५५६५२४४ | १७०४४ |
| ८५२/३/२८ | जनजातृती भवनमा स्टेज | १०२९०० | १२९६२० | २६७२० |
| ७८६/३/२४ | विजुवानी मार्ग सडक | ११९४९७० | १२९०२०२ | ९५२३१ |
| ७९४/३/२४ | खोला निकास मार्ग | २९११६८ | ३०३०२५ | ११८५७ |
| ५६०/२/२० | अतिथी स्वाबलम्बन उ.स. | ३३६८३०५ | ३४३०५९३ | ५२२८८ |
| ५५३/२/२९ | श्रमिक स्वाबलम्बन उ.स. | २६४९२६७ | २३३७१९५ | ३१२०७२१ |
| ७३६/३/१८ | गायत्री सामुदायिक भवन | १०३०२५१ | ११२५९१८ | ९५६६७ |
| ७१९/३/१८ | धनुषकोटी जगनपाण्डेचुली मार्ग | २०६११९७ | २०६५४३८ | २६३०६२ |
| ६१७/२/२९ | कन्काई नदि नियन्त्रण उ.स. | २०६८४०८ | २१२२७५० | ५४३४१ |
| ६०३/२/२८ | जनपथ जोड्ने बाटो ग्राभेल उ.स. | १५००५२५ | १४५२२१५ | ४८३१० |
| ६९८/३/१६ | जामुनबारी ड्रेन निर्माण | १४४४१८५ | १४५७५३९ | १३३५३ |
| ३५१/११/५ | देउराली टोल दक्षिण हुदै बुद्ध मार्ग सम्म स्तरउन्नती तथा ग्राभेल उ.स | २५७२९३ | २५७५७२ | १३३७९ |
| ४०२/११/२९ | पदम सेल्वारको घरपूर्वको पैनी सुधार उ.स | १०३७१५ | १०२९१७ | १३१५१ |
| ४९४/१/२९ | गोपाल चन्द्र मार्ग स्तरउन्नती उ.भो.स | २०६८३४ | २०६९६२ | ८४०० |
| ५०६/२/५ | भालुखोला पुल निर्माण उ.स | ४११७६९ | ४१२५०८ | ११२७३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५४५/२/१८ | बाटो स्तरउन्नती उ.स. सुधार मार्ग ढल निर्माण | २०८७४२ | २३८०१० | ४५०७४ |
| ५६२/२/२० | इलाका प्रहरी कार्यालय कम्पाउण्ड वाल निर्माण उ.भो.स | २५७७८७ | ३०१३७९ | १०२६५३ |
| ५६५/२/२१ | जनचेतना आ.वि ३ घेरावारा डि.पि.सि | ७७२५७ | ७८६६४ | ८२७५ |
| ६०३/२/२८ | धर्मराज पोखरेलको घर हुदै जय पराजुलीको घर पूर्व जनपथ जोड्ने बाटो ग्राभेल | १५००५२५ | १४५२२१५ | ४४८९१ |
| ६०४/२/२८ | कालिमाता मन्दिर नि.उ.स | ५१४५० | ५१६३४ | २४०६४ |
| ६०६/२/२८६ | जुके खोला उत्तार बाघे खोला नियन्त्रण उ.स | ३१०२४९ | ३१११०६ | १८५४८ |
| ६२०/२/२९ | राजमार्ग उत्तर चर्च पूर्व दिनेश शिवाकोटीको घर सम्म जोड्ने बाटो ग्राभेल उ.स | १५६७४ | १६२८९८ | ३५४५७ |
| ६६०/३/७ | साङाकछ्योलिङ बोद्ध गुम्बा वडा नं ४ | २०७३१४ | २०७४५४ | १११६१ |
| ६६१/३/८ | श्री कृष्ण मन्दिर जेष्ठ नागरिक चौतारी निर्माण उ.स | १०३०९५ | ११०९८२ | २४५४१ |
| - | लक्ष्मीमाता कन्ट्रक्सन कम्पनीले कार्यालय भवन निर्माण | २९४६०७२८ | १९४७३४४९ | १०८५९६४ |
| - | वडा नं. ५ भवन निर्माण उ.स. | ३२४३२५० | ३३३०६९९ | ८७४४९ |
| - | देविडाडा निर्माण सेवाबाट त्रिवेणी मारेग कालोपत्रे | १४७७०५६० | ९१००९५३ | ११२५४५३ |
| | | | जम्मा | ७२३८६३५ |

४०. **<u>गतवर्षको भुक्तानी</u>** - आर्थिक कार्यविधि नियमावली, ६४ को नियम ४०(७) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धीत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको विवरण प्रमाणीत गरी राखु पर्ने व्यवस्था छ। कार्यालयले २०७५/७६ मा विभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. ८८,६३,८८०/- भुक्तानी दिन बाँकी रहेको विवरण राखी यो वर्ष भुक्तानी गरेको देखिन्छ । वार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक बजेटले बहुवर्षिय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस प्रकारको दायित्व श्रृजना हुने गरी खर्च गर्ने र प्रमाणित भुक्तानी बाकीको विवरण बेगर नगरसभाबाट निर्णय गराई खर्च लेखेकोले नियमको व्यवस्था पालना नगरी यस्तो खर्च लेख्न मिल्ने होइन।

| गो.भौ.नं/मिति | योजनाको नाम | | लागत | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने | भुक्तानी पाउने | मुल्याङ्कन |
|---|---|---|---|---|---|---|---|
| ३४/६/८ | कोशेली घर निर्माण | ६००००० | ११५०००० | ०७५/२/२९ | ०७६/३/१५ | १०००००० | ११०५६९२ |
| ४०/६/१२ | विपन्न घर निर्माण उ.स | २२०००० | ९५९९४३ | ०७६/३/३० | ०७६/३/३० | ८५०००० | ९५९९४३ |
| ४३/६/१४ | ५ नं वडा कार्यालय भवन निर्माण उ.स | ९१२६९४ | ३२४३२५० | ०७६/३/१५ | ०७६/३/१५ | ८३७५०० | २५५८९६३ |
| ४६/६/१४<br>६८/७/६ | वडा कार्यालय कम्पाउण्ड वाल रंग रोगन | ९००००० | ९६१७७८ | ०७६/६/३० | ०७६/६/३० | ९००००० | ९८०५९९ |
| १७९/९/२ | विपि शालिक तथा उद्यान निर्माण | ४६४००० | १२०७५३५ | ०७५/११/१३ | नभएको | १०५०००० | १२३८९२५ |
| २५६/९/२७ | योगी नरहरी नाथ शालिक | ३००००० | ९८१९६५ | ०७६/१/२७ | ०७६/३/२० | ८००००० | ९८३७६१ |
| ४५९/१२/६ | कोशली घर प्रवर्धन | ४००००० | १६५०००० | ०७६/१२/२९ | ०७६/३/३० | १०००००० | १८४९२१५ |
| ८६१/३/२९ | राजमार्ग देखि नगरपालिका | ४४०२४१ | ४३५०७९४ | ०७५/१०/२९ | ०७६/३/१५ | २४२६३८० | २५५४०८५ |
| जम्मा | | | | | | ८८६३८८० | १२२३११८३ |

४१. **<u>सामाजिक सुरक्षा करः</u> (गो.भौ.नं १७९/९/२)** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले विपि शालिक तथा उद्यान निर्माण कार्यमा डोर हाजिरी वापत रु.४,२६,०००।- भुक्तानी गरेको देखिन्छ । डोर हाजिरीको १ प्रतिशतले हुने रु.४,२६०। सामाजिक सुरक्षा कर वापत कट्टि नगरेकोले, कर कट्टी रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु. ४२६०

४२. **<u>निजि संस्थाको भवन निर्माण</u>** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ उपदफा ७ बमोजिम कार्यपालिका को सभाबाट स्वीकृत शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|
| | छ। उर्जा उत्पादन तथा वितरण कार्यको लागि पाचौ नगरसभाबाट शेयर खरिद गर्न रु.५०,००,०००/- बजेट व्यवस्था भई कन्काई बिर्ता अर्जुन नविकरणीय उर्जा तथा फोहोर मैला व्यवस्थापन कम्पनी प्रा.लि.सँग सम्झौता भएको तर पछि उक्त रकम सेयर खरिद नभई भवन निर्माण तथा घेरावार उपभोक्ता समिति गठन भई २०७७/३/१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७७/१/२ मा सम्झौता भई रु. ५५,४८,१९९/- को लागत अनुमानमा रु. ५०,००,०००/- नगरपालिका र रु.५,४८,१९९/- उपभोक्ता समितिबाट व्यहोर्ने गरी सम्झौता भएकोमा यसरी निजी संस्थाको भवन निर्माण नगरपालिकाबाट रकम भुक्तानी गर्न पाउने ऐन नियममा व्यवस्था भएको नदेखिएकोले कानुनी आधार बेगर यसरी भुक्तानी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनु पर्दछ। | | |
| | क) **भुक्तानीमा कर** - आयकर ऐन २०५८ को दफा ८९ मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको ५० लाख रुपैयाँ भन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशतका दरले करकट्टी गर्नु पर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिलाई यो वर्ष ५० लाख भन्दा बढी भुक्तानी गरेकोमा रु. ७५,०००/- अग्रिम कर कट्टा गर्नु पर्नेमा रु. ३४,१३३/- मात्र कर कट्टा गरेकोले नपुग कर रकम रु. ४०,८६७/- गरी संघीय संचित कोष खातामा दाखिला गर्नुपर्ने रु. | ४०८६७ | |
| ४३. | **वडा कार्यालय भवन निर्माण** – वडा नं. ५ कार्यालय भवन निर्माण गर्न रु. ३२,४३,२५०/- को लागत अनुमान स्वीकृत भई जि.स.स. बाट रु.२०,००,०००/- नगरपालिकाबाट रु.८,३७,५००/- र उपभोक्ता समितिबाट रु. ४,०५,७५०/- व्यहोर्ने भनी मिति २०७६/३/१५ भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७६।०२।२१ मा सम्झौता भई रु.३३,३०,६९९/- को मुल्यांकन र रु.३०,२९,३९६/- को भुक्तानी खर्च लेखेको देखिन्छ । उक्त निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | | |
| | **क)दोहोरो खर्चः** जिल्ला समन्वय समिति र नगरपालिकाबाट समेत रु.२८,३७,५००/- सम्झौता अनुसार भुक्तानी खर्च लेख्नु पर्नेमा रु.३०,२९,३९६/- भुक्तानी खर्च भई बढी भुक्तानी रु.१९१,८९६/- मध्ये मु.अ. कर विल रकममा थप भएको रु.९७,१७७/- समेत रहेको छ। उपभोक्ता समितिले कार्य गराउदा मु.अ.कर लाग्ने वस्तु सेवा भाडा आदि रकममा दर विश्लेषण गर्दा नै मु.अ.कर समेत जोडि दर कायम गरिएकोले निर्माण व्यवसायीबाट गराएको देखाई मु.अ.कर थप गरी भुक्तानी खर्च दोहोरो हुँदा सम्झौता भन्दा बढी भुक्तानी असुल हुनु पर्ने रु. | १९१८९६ | |
| | **ख)सोधभर्नाः** जिल्ला समन्वय समितिबाट प्राप्त हुनु पर्ने रकम रु.२०,००,०००। मध्ये रु.१२,००,०००। प्राप्त भएको र रु.८,००,०००/- प्राप्त हुन बाँकी रकम समेत नगरपालिकाबाट भुक्तानी खर्च भएकोले स्वीकृत वार्षिक बजेट भन्दा बढी खर्च भएको रकम सम्बन्धीत निकायबाट सोधभर्ना प्राप्त गरी हिसाब मिलान हुनु पर्ने रु. | ८००००० | |
| ४४. | **बिजुवानी मार्ग कालोपत्रे** — ठेक्का नं.२/०७६/७७ विजुवानी मार्ग कालोपत्रे कार्यको लागि रु. १,४५,७२,२२३/- को लागत अनुमान स्वीकृत भई मिति २०७७/३/१५ भित्र कार्य सम्पन्न गर्ने गरी सर्वेभन्दा घटी कबोल गर्ने निर्माण व्यवसायी भिमेश्वर कन्ट्रक्सन प्रा.लि.सँग रु.१,०२,७६,२६६/- को सम्झौता मिति २०७७/२/११ मा भएको र कार्य सम्पन्न रु.९७,८६,६९०/- भई भुक्तानी खर्च भएको देखिन्छ। उक्त फाइल अध्ययन गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | | |
| | **क)विल भर्पाइः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको विलभर्पाइ सहितको लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। प्रोभिजनल सम वापत ल्याव टेस्ट रु.७५,०००/- भुक्तानीमा सो को नियमानुसार पेश गर्नुपर्ने खर्चको विल भरपाई पेश नभएकोले विल भरपाई बेगर प्रोभिजनल सम भुक्तानी रकम असुल हुनु पर्ने रु. | ७५००० | |
| | **ख)पूर्वनिर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन २०७६) नियम १२० अनुसार विशेष परिस्थिति परी निर्माण व्यवसायीले प्रयास गर्दा गर्दै सम्झौतामा उल्लेखित समय भित्र निर्माण कार्य सम्पन्न नभएमा म्याद थपको लागि २१ दिन अगाडी निवेदन दिनु पर्ने व्यवस्था छ। निर्माण कार्य मिति २०७७/३/१५ भित्र सम्पन्न गर्नु पर्नेमा दर्ता नं. ७८० मिति २०७७/३/२५ मा मात्र निर्माण कार्य सम्पन्न भएको निवेदन पेश भएकोले ९ दिनको सम्झौता अनुसार म्याद थप नभएको अवस्थामा ०.०५ प्रतिशतले पुर्वनिर्धारित | ४०५८४ | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>क्षतीपुर्ती वापत रु.४०,५८४/- असुल हुनु पर्ने रु.</td><td></td><td></td></tr>
<tr><td>४५.</td><td>निर्माण कार्य मितव्ययी रुपमा नभएको - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४५ अनुसार सरकारी रकम निकासा दिदा वा खर्च गर्दा नियमितता मितव्यिता, कार्य दक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले स्वीकृत लागत खर्चको सिमा भित्र रही कार्यक्रम संचालन गरिएको र लागतको तुलनामा प्राप्त प्रतिफल मनासिव छ भनी विश्वस्त हुनु पर्ने उल्लेख छ। कार्यालय र उपभोक्ता समिति बिच लागत अनुमानको दरमा सम्झौता भई निर्माण कार्य गराई समितिले पुन निर्माण व्यवसायीबाट गराउने गरेको देखिन्छ। कार्यालयले निर्माण व्यवसायीबाट कार्य गराउदा २० देखि ५० प्रतिशत सम्म घटेर कार्य गर्ने र बचत रकम पून: समितिबाट गराउने गरेको देखियो । जसबाट एउटै कार्यमा दोहोरो नभएको भनी विस्वस्त हुन सकिने अवस्था देखिएन। अत नियममा भएको व्यवस्था अनुसार प्रतिस्पर्धात्मक रुपमा गराई मितव्ययी र कार्यदक्ष रुपमा हुने देखिन्छ। यस सम्बन्धमा सम्बन्धीत निकायको ध्यान जानु पर्दछ।</td><td></td><td></td></tr>
<tr><td>४६.</td><td>मुल्य अभिवृद्धि कर कट्टी - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.२,०९,०६०।कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>संस्था/ठेकेदार</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>५० प्रतिशत मु.अ.कर</th></tr>
<tr><td>२७६/१०/१५ पुजिगत</td><td>पानस सिमेन्ट कंकृत (६००९७६४८०)</td><td>ह्युम पाइप खरिद</td><td>७१५५००</td><td>१४३१००</td><td>७१५५०</td></tr>
<tr><td>९२१/३/३१ पुजिगत</td><td>पानस सिमेन्ट कंकृत (६००९७६४८०)</td><td>ह्युम पाइप खरिद</td><td>३०७१००</td><td>३२०४२</td><td>१६०२१</td></tr>
<tr><td>८४३/३/२७ पुजिगत</td><td>सिजर्जी इन्जिनियरिङ एण्ड इन्भारोमेन्टल</td><td>-</td><td>-</td><td>२०९३०</td><td>१०४६५</td></tr>
<tr><td>७१८/३/१८ पुजिगत</td><td>कलश एड्भरटाइजिङ्ग (३०४३७११९४)</td><td>-</td><td>-</td><td>२५९३५</td><td>१२९६७</td></tr>
<tr><td>६५५/३/७ पुजिगत</td><td>पानस सिमेन्ट कंकृत (६००९७६४८०)</td><td>-</td><td>-</td><td>५११५७</td><td>२५५७८</td></tr>
<tr><td>३/५/५ पुजिगत</td><td>-</td><td>हरिनन्दन मार्ग कालोपत्रे</td><td>६१५०७४</td><td>७९९५९</td><td>३९९७९</td></tr>
<tr><td>६/५/५ पुजिगत</td><td>-</td><td>योगि नरहरीनाथ शालिक निर्माण</td><td>५०००००</td><td>६५०००</td><td>३२५००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२०९०६०</td></tr>
</table></td><td>२०९०६०</td><td></td></tr>
<tr><td>४७.</td><td>महोत्सव तथा अन्य खर्च - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर पालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा पूँजिगत बजेटबाट रु. ४६,९०,१८८/- खर्च गरेको छ ।</td><td></td><td></td></tr>
<tr><td>४८.</td><td>उपभोक्ता समितिलाई मू. अ. कर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार मू.अ.कर बिजक जारी भएको अवस्थामा मात्र मू.अ.कर भुक्तानी दिन मिल्ने तथा सोही ऐनको दफा १५ मा दर्ता नभएको व्यक्ति वा फर्मले मू.अ.कर उठाउन वा असूल गर्न नमिल्ने व्यवस्था छ । उपभोक्ता संस्थाहरु गैर नाफामूलक संस्था भएका र मू.अ.करमा दर्ता पनि नहुने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कारोबार भएको बिजक बेगर कानुनतः त्यस्ता संस्थालाई मू.अ.कर भुक्तानी दिन मिल्ने देखिंदैन । पालिकाले निम्नलिखित योजनाको लागत अनुमान तयार गर्दा निमार्ण सामाग्रीको ढुवानीमा मुल्यमा मू.अ.कर थप गरी लागत तयार गरी सोही दरमा उपभोक्ता समितिसँग सम्झौता गरी मूल्य अभिवृद्धि करवापतको रकम भुक्तानी दिएको छ ।जिल्ला दररेटबाट कायम रेटमा मु.अ.कर थप गरी दररेट</td><td></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|
| | मुल्यमा राखेको तर खरिद विल सो दर भन्दा कम भई सकेको अवस्थामा मू.अ.कर भुक्तानी भएको रु.१५८३१ असूल हुनुपर्ने देखिएको रु. | १५८३१ | |

| गो.भौ.नं./मिति | उपभोक्ता समिति | विवरण | कायम दररेट | खरिद दररेट | मु.अ.कर भुक्तानी |
|---|---|---|---|---|---|
| ११९/७/२८ | बाटो मर्मत उ.स. | ग्राभेलको कार्य | ९६७५० | - | १२५७७ |
| ४३/६/१४ | वडा नं. ५ भवन निर्माण उ.स. | भवन निर्माण | १८०२५९ | १५५२२३ | ३२५४ |
| जम्मा | | | | | १५८३१ |

**४९.** <u>**उपभोक्ता समितिलाई सिमाभन्दा बढीको कार्य**</u> - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । तर कनकाई नगरपालिकाले रु.१,०८,८२,९४५/- लागत अनुमान भएको बहुवर्षिय १ योजनामा उपभोक्ता समितिबाट गराएको पाइयो । जसमा यस वर्ष रु. ५९,७८,४५४/- खर्च लेखेको छ । तसर्थ सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था विपरीत हुने गरी यस्ता ठुला आयोजना निर्माणको कार्य उपभोक्ता समितिबाट नगरी प्रतिस्पर्धात्मक र मितव्ययी हुने गरी बोलपत्रको माध्यमबाट हुनुपर्दछ ।

| उपभोक्ता समिति | कामको विवरण | लागत रकम | भुक्तानी रकम |
|---|---|---|---|
| राजमार्ग देखि नगरपालिका जोड्ने सडक निर्माण | सडक निर्माण ब्लक राख्ने | १०८८२९४५ | ५९७८४५४ |

**५०.** <u>**जटिल संरचना निर्माण**</u> - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गो.भौ.नं./मिति | उपभोक्ता समिति | विवरण | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ३/५/५ | हरि नन्दन मार्ग कालोपत्रे उ.स. | सडक कालोपत्रे कार्य | ३८२६१९५ | १९१३०९७ |
| ९२३/३/३१ | शिव मन्दिर उ.स. | शिव मन्दिर निर्माण | ३०८८४६१ | ३०००००० |
| ३८२/११/२८ | ५ वडा कार्यालय भवन निर्माण | भवन निर्माण | ६२५०९७३ | ३७५०१९४ |
| ८८२/३/२९ | विद्युत विस्तार उ.स. | विद्युत विस्तार | १०४९००४ | १०००००० |
| ४७५/१/१० | कन्काई नविकरणिय उर्जा | भवन निर्माण | ५५४८१९९ | ५०००००० |
| ८४१/३/२७ | खानेपानी मार्ग कालोपत्रे उ.स. | पिच गर्ने कार्य | २०८७६७७ | २०००००० |
| ५४७/२/१८ | खानेपानी मार्ग कालोपत्रे उ.स. | पिच गर्ने कार्य | ८१८७८८ | ७५०००० |
| ५६०/२/२० | अतिथिसडन रोड कालोपत्रे उ.स. | पिच गर्ने कार्य | ३३६८३०५ | ३४२०५९३ |

**५१.** <u>**जनश्रमदान**</u> - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएकाले उक्त रकम असूल हुनुपर्ने रु.

बेरुजू रकम: २६७५९६

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|

| गो.भौ.नं | उपभोक्ता समिति | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टा गर्न |
|---|---|---|---|---|---|
| ६/५/५ | योगी नरहरी नाथ सालिक निर्माण | ९८१९६५ | ५२८३६४ | १८.५४ | ६९५९४ |
| ८८२/३/२९ | विद्युत विस्तार उ.स. | १०४९००४ | १०२९७६४ | ४.६८ | १८४२८ |
| ८९४/३/३० | विरिङ नदि नियन्त्रण उ.स. | २१०६००६ | २०२४९१५ | ५ | ४३३३० |
| ८६३/३/३० | बाघे खोला नियन्त्रण उ.स. | ५२४९६३ | ५१५१११ | ५ | १०६४४ |
| ८७३/३/२९ | महिला मार्ग पुल निर्माण उ.स. | ३०९९९८ | १६७७०५ | ५२.५६ | ६९५०१ |
| ५१९/२/७ | जगनपाण्डेचुली पथमार्ग निर्माण | २०९८००० | ११८२०८२ | ४.६७ | ५६०९९ |
| जम्मा | | | | | २६७५९६ |

**५२.** **निर्माण सामग्री पुरा प्रयोग नभई बाँकी रहेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४)अनुसार पुरै जडान नभएको अवस्थामा मौज्दात रहेको पाइपको मुल्य कटाइ बिच्छाइएको मात्र मुल्य भुक्तानी दिनु पर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समितिसँग गरेको निम्नानुसारको सम्झौतामा देहाय अनुसारको रु.१७,५६,०११।- फरक परेको सम्वन्धमा यकिन हुनु पर्ने देखिन्छ। साथै, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ परिच्छेद ८ अनुसार सरकारी सम्पत्तीको लागत राखी हानी नोक्सानी नहुने गरी उचित संरक्षण तथा मर्मत सम्भार गरी श्रोत साधनको उचित रुपमा उपयोग हुनु पर्ने उल्लेख छ। उपभोक्ताले निर्माण कार्यमा प्रयोग गर्न खरिद गरेको विलमा उल्लेखित सामानको परिमाण नापी किताबमा उल्लेख नभएकोले निम्नानुसार उक्त मौज्दात बाँकी सामग्री पून: प्रयोग भएको प्रमाण पेश हुनु पर्दछ।

| भौ.नं/मिति | उपभोक्ता समिति | खरिद परिमाण | नापीको परिमाण | फरक परिमाण | रकम |
|---|---|---|---|---|---|
| ९२१/३/३१ | ह्युम पाइप खरिद उ.स | ३० वटा | १ वटा | २९ | २७८५२२ |
| २७६/१०/१५ | ह्युम पाइप खरिद उ.स | ५४ | - | ५४ | ६४६८१२ |
| ८२१/३/२६ | विद्युत विस्तार पोल खरिद | ३८ | - | ३८ | २६१००० |
| ७२४/३/१८ | ह्युम पाइप खरिद उ.स | १० | - | १० | १२५००० |
| ७२४/३/१८ | ह्युम पाइप खरिद उ.स | ३२ | - | ३२ | ४४४६७७ |
| जम्मा | | | | | १७५६०११ |

**५३.** **सोझै खरिद** - (गो.भौ.नं./मिति ९०७/२०७७/३/३०) - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको क्वालिटी कम्प्युटर बिक्रेतासँग रु. ९,२४,२८७/- को कम्प्युटर, ल्यापटप, प्रिन्टर र एयर कन्डिसन सोझै खरिद गरेको देखियो ।

**५४.** **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर नगरपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.२,९४,१८०. तलब भत्ता भुक्तानी गरेको पाईयो ।

| गो.भौ.नं./मिति | विद्यालयको नाम | रकम | शिक्षक नियुक्ती |
|---|---|---|---|

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम | फछ्र्यौट |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ८१९/३/२६ | भृकुटी मा.वि. बाल कक्षा | १५६००० | - |
| ५४६/२/१८ | कनकाई मा.वि. नर्सिङ कक्षा | १३८१८० | २०७६/११/४ |

**५५.** **डीपीआर खर्च** — सार्वजनिक खरिद नियमावली, , २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नु पर्ने व्यवस्था छ। बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

| गो.भौ.नं/मिति | योजना | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|---|
| ९१/७/१७ पुजिगत | डिपिआर निर्माण | किरात प्राविधिक शिक्षा एवं परामर्श | १११०५०० | ६००००० |
| ८४३/३/२७ पुजिगत | ऐलानी जग्गा सुकिडागी कृषि सडक | सिनर्जी इन्जिनियरिङ इन्भारोमेन्टल | १८१९३० | १८१९३० |
| ७०६/३/१७ पुजिगत | डिपिआर | बिराट प्राविधिक शिक्षा एवं परामर्श प्रा.लि. | १००००० | १००००० |
| ३६७/११/६ पुजिगत | धार्मिक वन वाटिका डिपिआर | बिराट प्राविधिक शिक्षा एवं परामर्श प्रा.लि. | १५०००० | १५०००० |
| ४२३/१२/०३ पुजिगत | जामुनबारी धनुषकोटी धाम मार्ग डिपिआर | बिराट प्राविधिक शिक्षा एवं परामर्श प्रा.लि. | १००००० | १००००० |
| १२२/८/५ चालु | दुर्गापुर सिमसार मार्ग र महिला मार्गको डिपिआर | झापा नवयुग स्ट्रक्चर्स एण्ड डिजाइनर्स | १०००५० | १०००५० |
| २५३/११/२२ चालु | दुर्गापुर बजार व्यवसायिक भवन डिपिआर | झापा नवयुग स्ट्रक्चर्स एण्ड डिजाइनर्स | १५०००० | १५०००० |
| २६७/११/३० चालु | नमुना चोक देखि जामुनबारी र सुरुङ्गा पुल देखि टप्पु चोक डिपिआर | झापा नवयुग स्ट्रक्चर्स एण्ड डिजाइनर्स | ७३३०० | ७३३०० |
| ३६४/३/१५ चालु | शहिद मार्ग डिपिआर | झापा नवयुग स्ट्रक्चर्स एण्ड डिजाइनर्स | १८७८७५ | १८७८७५ |
| **जम्मा** | | | **२१५३६५५** | **१६४३१५५** |

**५६.** **स्थानिय पूर्वाधार साझेदारी कार्यक्रमः घटी अग्रिम करः** (गो.भौ.नं ४/३/२५) - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले दुर्गापुर बजार व्यवसायिक भवन निर्माणमा भुक्तानी सम्झौता रु.५८,८०,०००। को १.५ प्रतिशतले हुने रु.८८,२००। अग्रिम कर कट्टि गर्नुपर्नेमा रु.७९,२२०। मात्र कट्टा गरेकोले घटी कट्टी असुल गरी संघिय कोषमा दाखिला गर्नुपर्ने रु. — बेरुजू रकम: ८९८०

**५७.** **जेष्ठ नागरिकः सम्झौता भन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) अनुसार प्राविधिक नापजाच गरी नापी किताबमा उल्लेख भएको वास्तविक मुल्याङ्कनको आधारमा भुक्तानी खर्च लेख्नुपर्ने उल्लेख छ। पुकार अपाङ्ग अशक्त समाज संग रु.१०,३६,९११।को सम्झौतामा न.पा.बाट रु.९,८०,०००। बेहोर्ने गरी सम्झौता भइ रु.१०,००,४४२।७८ कार्य भइ सम्झौता अंकको ९६.४८ प्रतिशत रु.९,४५,५०४।खर्च लेख्नु पर्नेमा रु.९,७०,०००। खर्च लेखेकोले बढी भुक्तानी सम्बन्धितबाट असुल हुनु पर्ने रु. — बेरुजू रकम: २४४९६

**५८.** **संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुः सेनिटरि प्याड खरिदः** (गो.भौ.नं ८/७/१८) सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी निति मार्गदर्शन २०७५,मा भएको व्यवस्था

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th><th>फछ्र्यौट</th></tr>
<tr><td></td><td>अनुसार कार्यालयले खर्चमा मितव्ययीता ल्याइ काम गर्नुपर्ने व्यवस्था रहेको छ साथै आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ का कारण विद्यालय वन्द भएको अवस्थामा विद्यालयका छात्रालाई भनी सेनिटरी प्याड वापत खर्च गरेको छ। यसरी वार्षिक रुपमा प्राप्त गर्ने कार्यक्रमको लागि खरिद गरी जिन्सी दाखिला गरेर वितरण भर्पाइ पनि पेश नगरी सेनिटरी प्याड खरिद गरी मौज्दातमा राखेको नियम सम्मत देखिएन।</td><td></td><td></td></tr>
<tr><td>५९.</td><td><u>संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालुः</u> बढी निकासाः (गो.भौ.नं ५४/११/२१) - शिक्षा नियमावली, २०५९ को नियम१ ७९ मा कुनै कामको लागि आबश्यक भन्दा बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने व्यवस्था छ।कार्यालयले आदर्श विद्या मन्दिर मा. वि को माघ र फागुन महिनाको तलब भत्ता रु.१८,३८,३७१। निकासा दिनुपर्नेमा रु.१८,५८,३७१। निकासा भुक्तानी गरेकोले बढी भुक्तानी रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय कोष फिर्ता गर्नु पर्ने रु.</td><td>२००००</td><td></td></tr>
<tr><td>६०.</td><td><u>ह्याप्पी ल्याण्ड सेल्फी डाँडाः</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तरगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । कनकाई नगरपालिकाको वार्षिक निति तथा कार्यक्रम २०७६।७७ मा पनि व्यवस्था भए बमोजिम आन्तरिक तथा बाह्य पर्यटकहरुसंग प्रवेश शुल्कमा कर सम्बन्धि कर असुल गर्ने संस्था संग प्रति पर्यटक प्रवेश टिकटको ५ प्रतिशत प्रवेश शुल्क लिने व्यवस्था भएकोमा आर्थिक वर्ष २०७५।७६ देखि कनकाई नगरपालिका वडा नं २ मा संचालित ह्याप्पी ल्याण्ड सेल्फी डाँडा पर्यटकिय क्षेत्रले स्थापना काल देखि हाल सम्म नगरपालिकालाई बुझाउनु पर्ने पर्यटक प्रवेश शुल्क बारम्बार ताकेता गर्दा समेत नबुझाएकोले यथासिघ्र स्थापना काल देखिको वार्षिक लेखा परीक्षण प्रतिवेदन सहित नियमानुसार बुझाउनु पर्ने रकम प्राप्त गर्नु पर्दछ।</td><td></td><td></td></tr>
<tr><td>६१.</td><td><u>कोभिड-१९ को आम्दानी खर्चः</u> कोभिड-१९ र प्रकोप व्यवस्थापन कोषको आय तथा खर्च निम्नानुसार रहेको छ।
<table>
<tr><th>स्रोत</th><th>आम्दानी</th><th>खर्च</th><th>बाँकी मौज्दात</th></tr>
<tr><td>संघ</td><td>३९२०००</td><td>१०१६८३७२</td><td>५५३८३५३</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१००००००</td><td></td><td></td></tr>
<tr><td>कार्यालय</td><td>७३९८०००</td><td></td><td></td></tr>
<tr><td>कर्मचारी</td><td>२८२५९०</td><td></td><td></td></tr>
<tr><td>पदाधिकारी</td><td>७९०१५५</td><td></td><td></td></tr>
<tr><td>अन्य</td><td>५८४३९८०</td><td></td><td></td></tr>
<tr><td>जम्मा</td><td>१५७०६७२५</td><td>१०१६८३७२</td><td>५५३८३५३</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>६२.</td><td><u>प्रधानमन्त्री रोजगार कार्यक्रम</u> - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३३ जनालाई रोजगारी उपलव्ध गराई रु.१९,४७,८००। खर्च गरेको छ । लक्षित वर्गलाई १४ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td><td></td></tr>
<tr><td>६३.</td><td><u>पेश्की बाकी</u>- प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ८० मा सरकारी कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की जिम्मेवारी अर्को आर्थिक वर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट निम्न बमोजिम पेश्की विवरण प्राप्त भएको तर म्याद नाघेको र ननाघेको छुट्टिन नगएकोले म्याद नाघेको पेश्की फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं/मिति</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने</th><th>पेश्की रकम</th></tr>
</table></td><td>५४४८४७६</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ९१५/३/३१ | सामुदायिक भवन निर्माण | याक्थुम्हाङ एस.ए.एस. जे.भि | ४९६५२०६ |
| १५४/३/३१ | रधमार्ग चपरामरी झो.पु कन्काइ न.पा. झापा | मैनावती स्टिल इन्डस्ट्रिज प्रा.लि | ३३३२७० |
| ५१८/२/७ | ऐलानी जग्गा लगत संकलन | कमल प्र. सिवाकोटी | १५००० |
| ८२७/३/२६ | सवारी साधन खरिद | रोहित कुमार कोइराला | १३५००० |
| जम्मा | | | ५४४८४७६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|
| ६४. | **आन्तरिक लेखापरीक्षण तर्फः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्च को विल भर्पाइ सहितको श्रेस्ता राख्नु पर्ने व्यवस्था छ। कार्यालयले गरेको आन्तरिक लेखा परीक्षणबाट देखिएका व्यहोराको आवश्यक प्रमाण पेश गरी असुल फछ्र्यौट हुनु पर्ने रु. | ३२३९०० | |

| भौचर | व्यहोरा | कैफियत |
|---|---|---|
| | **चालु तर्फ** | |
| ७० | रु १००० को विल या भर्पाई छैन। जनसंसद दैनिक | १००० |
| ९० | भौचरसाथ पेश गरिएका बिल मिति २०७६।७।४ गते मोटरसाईकल नम्बर मे १ ब १८९ को मर्मत भएको बिल पाथिभरा मोटरसाईकल वर्कसप ऐण्ड पार्टस सुरुङ्गाबाट रु ७१५० र पाथिभरा मोटरसाईकल ग्यारेज बिर्तामोडबाट रु ४००० को बिल पेश भएको देखिंदा एकै मितिमा बिर्तामोड र सुरुङ्गामा एउटै नम्बरको मोटरसाइकल मर्मत गरेको भनी रकम भुक्तानी दिएको देखिंदा उक्त रकम कुन बिल चाँहि यथार्थ खर्च भएको हो एकिन गरी फर्जी पेश गरिएको भए बिल बराबरको रकम निज ईन्जिनियरबाट असुल उपर गर्नू पर्ने। | |
| १२२ | काम गर्न दिएको पत्र छैन। टिप्पणी तथा आदेशमा रु ६७१७५ मात्र भुक्तानीकोलागि सदर भएकोमा १ लाख ५० रुपैयाको चेक काटिएकोले रु.३२८७५ बराबरको रकम यकिन हुनु पर्ने रु. | ३२८७५ |
| १४५ | रु ६ हजार ट्याक्सी भाडा भुक्तानी दिएकोमा १०% ले हुने रु ६०० कट्टी गरेको नदेखिंदा उक्त रकम असुल गर्नु पर्ने। | ६०० |
| २२३ | माननिय झलक बहादुर मगरलाई नगरको कारयक्रमको शिलशिलामा प्लेन टिकट दुई जनाको पापत रु ७२०० भुक्तानी दिएको र सो यात्रा गर्दाको Boarding Pass संलग्न भएको नदेखिंदा अनिवार्य रुपमा संलग्न राखी पेश गर्नू पर्ने। | ७२०० |
| २४८ | रु ३००० को विल छैन। | ३००० |
| २५७ | विभिन्न मितिको गाडी भाडा बापत रु. ४५,५००/- सुजन विष्टको निवेदनको आधारमा होटल डिलाइटलाई भुक्तानी खर्च लेखेको तर प्रयोजन नखुलेको साथै वास्तविक भुक्तानी यकिन नभएको | ४५५०० |
| ३१७ | रु २००० को भर्पाईमा बुझिलिनेको सही छैन। | |
| ३२३ | यसमा भाडा वापत रु १२,००० उपलब्ध गराईदिने भनी नगरप्रमुखबाट तोक आदेश भएकोमा रु १४००० भुक्तानी दिएको देखिंदा बढी भुक्तानी भएको रु २०००।- असुल गर्नु। | २००० |
| ३२४ | रु. १०५०० ले ५ महिनाको रु ५२५०० हुनेमा रु ५८४५० भुक्तानी भएको देखिँदा बढी भुक्तानी भएको रु ५९५० असुल गर्नुपर्ने। | ५९५० |
| | **पुँजिगत तर्फ** | |
| ८८ | वडा नं. ८ को घर भाडा बापत रु ९००० र रु ४२०० को गाडी भाडा वापतको रकममा वहाल कर काटेको नदेखिंदा नियमानुसार असुल गर्नु | १३२० |
| २५७ | रु. ४८९६० को विल पेश छ । रु. ६६००० को भुक्तानी दिएको छ । फरक रकम वरावरको विल पेश गर्नुपर्ने, नभए असुल गर्नुपर्ने सम्झौता समेत संलग्न राखुपर्ने। | १७०४० |
| २६९ | यसमा पेश भएका विल र विलको सि.न. को क्रम नमिलेको देखीन्छ । नगर खेलकुद विकास समितिको निर्णय समेत छैन । (रकम रु. २५०,०००/-) | |
| ३०१ | यसमा होटल डिलाइटले पेश गरेको निवेदनमा रु. ९५७५ को भुक्तानी माग गरेको र सो संग संलग्न राखी ट्याक्सी भाडाको रसिद रु. ३४२०० को पेश भई होटल डिलाइटलाइ भुक्तानी दिएको देखीदा नियमसंगत देखिएन, उक्त रु. ३४२०० को भाडा वरावरको रकमको प्रयोगको औचित्य पुष्टी हुने गरी खर्चको प्रतिवेदन समेत पेश गर्न लगाइ पेश भएका विल भर्पाइमा जिम्मेवार पदाधीकारीवाट सही गराई पेश गर्नु, (नभए असुल गर्नुपर्ने रु. | ३४२०० |
| ३०२ | यसमा वितरण भएका कुपनहरुको साथ भुक्तानी लिन आउनुपर्ने र भुक्तानी दिनु अघी सम्बन्धित तेलको कुपन वितरण गर्ने शाखाले खर्च भएका तेलको कुपनको विवरण सहीतको प्रतिवेदन पेश गरेपछी मात्र भुक्तानी दिन मिल्ने देखिदा प्रतिवेदन समेत पेश गर्न लगाई संलग्न राखु | |
| ३२० | यसमा खरीद आदेशमा १ थान ल्यापटप भनी आदेश भएको, Quatation मा ३ वटै Suppliers हरुले १ थान ल्यापटपको मात्र मुल्य खुलाइ खरीदको लागि पेश गरेको, र दुई थानको फरक-फरक मुल्य र विल पेश भएको देखीन्छ । अनियमित देखिएकोले नियमित गर्नुपर्ने। | |
| ३२९ | वितरण गरेको यातायात खर्च रु. १०८८० लिन नमिल्ने,कार्यक्रम १ दिन भएकोले १ दिनको १ पटक यातायात खर्च लिई वाकी हुने रु. ९२८० असुल गर्नुपर्ने | ९२८० |
| ३५८ | यसमा सपना तिवारीलाइ कम्प्युटरको टाइप गराए वापत रु. ५०००/- को १५ ले हुने रु. ७५० कट्टा गरी ४२५० वुझिलिएको भर्पाइ पेश भइ रकम भुक्तानीको लागी वडा कार्यालयवाट सिफारिस भइ आएकोमा लेखा | ७०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|---|---|
| | | शाखाबाट गौश्वारा भौचर तयार गर्दा सामाजीक सुरक्षा कर रु. ५० मात्र कट्टी गरी रु. ४९५०/- भुक्तानी दिएको देखीदा फरक भएको रकम रु ७००।- असुल गर्नु । | | | |
| | ४३० | रु ३५३९ को भुक्तानी दिने निर्णय भएकोमा रु ४००० भुक्तानी दिएको देखीन्छ। निर्णय भएको भन्दा बढी भुक्तानी गर्न नमिल्ने हुँदा बढी भुक्तानी भएको रु ४६१ असुल गर्नुपर्ने। | ४६१ | | |
| | ४७६ | ईलाका प्रहरी कार्यालय सुरुङ्गालाई तेल वापत रु ५००० भुक्तानीको लागी वडाको निर्णय र सिफारिस छ। भुक्तानी हुँदा रु १०,००० दिएको देखिंदा बढी भुक्तानी भएको रु ५००० असुल गर्नुपर्ने। | ५००० | | |
| | ५३८ | यसमा ढुङगा र वालुवा वापत रु१६०००'७२०० गरी जम्मा २३२०० बुझेको भर्पाई पेश छ। रु ७२०० को ७२० मात्र बहाल कर कट्टी गरेको देखिंदा कट्टी गर्न छुट भएको रु १६००० को हुने १०% १६०० असुल गर्नुपर्ने। | १६०० | | |
| | ५६५ | रु ७८००० को १०% ७८०० बहाल कर कट्टी गरेको तर रु १८८०० को ट्याक्टरको भर्पाईमा बहाल कर कट्टी गरेको नदेखिंदा रु १८८० कट्टी गरी असुल गर्नुपर्ने। | १८८० | | |
| | ५९५ | रु ३,०६,००० बराबरको भर्पाई पेश छ। बहाल कर १४६०० मात्र कट्टी गरेको छ। रु १६००० असुल गर्नुपर्ने। रु १,८३,१२० बराबर डोर हाजिरीको विल छ सामाजिक सुरक्षा कट्टी गरेको छैन। रु १८३१ असुल गर्नुपर्ने।विलको पुरा जोड समेत पुग्दैन। | १७८३१ | | |
| | ६२९ | समान धुवानी गरे वापत रु २००० बराबरको १० % कट्टी गरेको नदेखिंदा कट्टी गरी असुल गर्नुपर्ने | २०० | | |
| | ६४५ | यसमा विपत सम्वन्धी ऐनमा मृत्यु भएमा २५०००/- सम्म र अन्य क्षती भएमा रु १००००/- सम्म मात्र अनुदान दिन मिल्ने देखिदा भोला भवानी गृल उद्योगलाई दिएको रु २५००० भुक्तानी दिएकोले अनियमित देखिन्छ। नियमित गर्नुपर्ने | | | |
| | ६५७ | षष्टिका भराइटिज कनकाई ९ घैलाडुब्बा वाट मिति फरक फरक पारी रु ९०००, ९४०० र ५००० को Pan bill छ। रु २०००० भन्दा वढिको एकमुष्ट खरिदमा Vat bill पेश गर्न लगाउनुपर्ने अथवा Vat रकम कमी गरेको देखिन्छ। अनियमित देखिएकोले नियमित गर्नुपर्ने। | | | |
| | ६७४ | भौचरसाथ पेश भएको जम्मा रु ८३३९४को विलमा रु ७३८०० को १.५% रु ११०७ अग्रीम आय कर कट्टी गरेको देखिएन। कट्टी हुनुपर्ने रकम असुल गर्नुपर्ने। | ११०७ | | |
| | ६८४ | रु ३४६३५ बराबरको भर्पाई पेश भएकोमा रु १८०० मात्र बहाल कर कट्टी गरेको देखिंदा रु ३४६३ कट्टा गर्नुपर्नेमा घटी कट्टी गरेको ३४६३-१८०० गरी जम्मा रु १६६३ असुल गर्नुपर्ने। | १६६३ | | |
| | ७१५ | रु ४९५०० को ट्याक्टर र रु ४००० बराबर जिसिबी को प्रयोग भएको भर्पाई पेश भएकोमा बहाल कर कट्टी गरेको नदेखिंदा जम्मा रु ५३५०० को १०% ले हुने रु ५३५० असुल गर्नुपर्ने। | ५३५० | | |
| | ८०२ | वालुवा ढुवानी वापत रु १९५०० र गिटी ढुवानी वापत रु ९००० को विल पेश छ। जसको वहाल कर कट्टी भएको नदेखिंदा कट्टी गरी असुल गर्नु, | २८५० | | |
| | ८३४ | यसमा रु ४००० को भाडा भुक्तानी भएकोमा लाग्ने बहाल कर रु ४०० कट्टी गरेको नदेखिंदा असुल गर्नुपर्ने। | ४०० | | |
| | ८६१ | भर्पाई जम्मा रु ११५५० पेश भएकोमा रु ११५५० बहाल कर कट्टी ग्रनुपर्नेमा रु ९३७० मात्र कट्टी गरेको देखिंदा कम भएको रु २१८० असुल गर्नुपर्ने। प्राविधिकको कर्य सम्पन्न प्रतिवेदन पेश भएको नदेखिएको, वडागत रुपमा कुनै सिफारिस पेश नभएको। | २१८० | | |
| | ८७२ | रु २००० को ढुवानीमा बहालकर कट्टी नगरेको देखींदा कट्टी गरी असुल गर्नुपर्ने। | २०० | | |
| | ९०३ | पुंजिगत ४९४ संग छ। दोहोरो भुक्तानी भएकोले यकिन हुनु पर्ने रु | १६००० | | |
| | ९२१ | गोस्वारा भौचरमा चेक काट्नेको सही छैन। रु २०,००० को सा.सु. कर कट्टी नगरेकोले करकट्टी रकम असुल गर्नुपर्ने रु. | २०० | | |
| | ९२२ | यसमा सम्झौता र विल भन्दा बढी भुक्तानी भएको देखिन्छ। बढी भुक्तानी भएको रकम रु १०,००० रुद्र बहादुर दाहालबाट असुल गर्नुपर्ने | १०,००० | | |
| | ९२६ | बहाल कर र सासु कर कट्टी गरेको छैन। बहाल कर १२०० र सासु कर रु १३८४ असुल गर्नुपर्ने। मेसिन प्रयोग गरी माटो खन्ने काममा रु १३८४०० बराबरको डोर हाजिरी भर्न मिल्ने देखिदैन। प्राविधिक स्टमेट बमोजिमको काम नभएको देखियो। काम, प्राविधिक स्टमेट र प्रतिवेदनसँग विलको तालमेल मिलेको छैन।अनियमित देखिएकोले नियमिमत गर्नुपर्ने। | २५८४ | | |
| | | **लक्षित वर्ग कार्यक्रम पुँजिगत** | | | |
| | १४ | टेम्पो भाडा वापत भुक्तानी भएको रु ७५०० को हुने कर कट्टी भएको छैन।असुल गर्नुपर्ने। | ७५० | | |
| | १८ | यसमा वडा नं. ६ को यातायात खर्च भुक्तानी लिनेको नाम र उपस्थित हुनेको सही छैन। उपस्थित नभई भाडा रकम बुझ्न नपाउने हुँदा ५ जनाको रु १५० का दरले रु ७५०।- समितिको नामावली समेत नहेरेको अवस्थामा असुल गर्नुपर्ने रु. | ७५० | | |
| | २५ | लिलामाया सेडाई र मैयादेवी भारती, विरवहादुर राई नाउको यातायात खर्च वापतको रकम रु १५० का दरले जम्मा रु ४५० फिर्ता दाखेला गर्न लगाउनु। असुल गर्नुपर्ने, | ४५० | | |
| | २६ | कमला विष्टको रु १५० असुल गर्नुपर्ने, प्रश्नपत्र तयारी कनकाई प्रिन्टिङ सोलुसनले हो या अरु कसैले हो? छलफल गर्नुपर्ने। | १५० | | |
| | ६३ | यसमा रु. ९६,०००/- को कमला वि.क. को नाममा निकासा भएको र सो रकम बुझी लिएको भरपाई र विल पेश भएको नदेखिँदा अनिवार्य रुपमा विल भरपाई पेश गर्न लगाउनुपर्ने। | | | |
| | | **विपद व्यवस्थापन चालु** | | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम | फछ्यौट |
|---|---|---|---|

| | | |
|---|---|---|
| २४ | रु २३७३० भुक्तानी भएकोमा रु १७२०३.१२ को मात्र विल छ। बढी भुक्तानी भएको रु २३७३०-१७२०३.१२ ़ ६५२६.८८ असुल गर्नु। | ६५२७ |
| ५० | खरिद भएका जिन्सी मालसमान काहा छन? जिम्मा बुझेको नदेखिएको, सिटी सवारीको विल फोटो एण्ड भिडियो सुटिङ सेन्टरले बनाएको, रु २००० को भाडामा बहाल कर नकाटिएको हुँदा कट्टी गरी रु २०० असुल गर्नुपर्ने। विल सम्बन्धमा अनुगमन समितिलाई जानकारी गराउन उपर्युक्त हुने। | २०० |
| | **शिक्षा पुँजिगत** | |
| ५ | सम्झौतामा भाडा कर दोस्रो पक्षले तिर्ने उल्लेख भएकोले सोको १०% कट्टा नगरी रकम भुक्तानी गरिएको देखिएकोले उक्त रकम रु.४०,०००।- असुल गर्नुपर्ने। | ४०००० |
| १५ | यसमा पेश भएका विल रु१५६९० को आयकर कट्टी भएको नदेखिंदा रु २३५ असुल गर्नु। | २३५ |
| २४ | रु ९३,३३० को भुक्तानी भएकोमा रु ८४,३३० को मात्र विल छ। नपुगको असुल गर्नुपर्ने। | ११००० |
| २६ | यसमा खड्गराज कार्की नाममा रु १५०० यातायात खर्च उल्लेख भएको र निजले उक्त रकम बुझिलिएको नदेखिंदा चेक प्राप्त गर्ने व्यक्तीबाट नियमानुसार असुल गर्नु पर्ने। | १५०० |
| | **संघिय सरकारबाट हस्तान्तरित चालु** | |
| ३५ | कर कट्टी नगरेको रकम रु ११३७ असुल गर्नुपर्ने | ११३७ |
| ७४ | यसमा ढुवानी वापतको रु ३००० मा कर कट्टि गरेको देखिएन। रु ३०० असुल गर्नुपर्ने। | ३०० |
| १२९ | यसमा भत्ता रकम वितरणको भर्पाईमा बुझिलिनेको सही नभएको रु.१०५४० असुल गर्नुर्ने | १०५४० |
| १३१ | यसमा पेश भएको निर्णयको प्रतिलिपी मध्य मिति २०७७।२।१९ गतेको बैठकमा अध्यक्षको उपस्थिति नभएको र अध्यक्षलाई भत्ता बितरण गरिएको देखीएकोले बैठकमा उपस्थित नहुने रुद्रप्रसाद न्यौपानेबाट रु ५९५, दुर्गा खड्काबाट रु ५९५ असुल गर्नुपर्ने। साथै अभिमुखिकरण गर्ने बजेट बैठक बसी खर्च गरेको देखिंदा औचित्य अनुसार खर्च गर्ने परिपाटी नभएको देखिएकोले असुल गर्नु पर्ने रु. | ११९० |
| | **स्वास्थ्य पुँजिगत** | |
| १४ | ४ दिनको मात्र भ्रमण आदेश स्विकृत भएको देखींदा ४ दिनको मात्र विल खर्च लिन मिल्ने र बाँकी बढी हुने रु २,००० असुल गर्नुपर्ने | २००० |
| | **जम्मा** | **३२३९००** |

**६५.** **<u>बेरुजु तथा सम्परीक्षण</u>**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ को १ मा लेखापरीक्षण प्रतिवेदनमा दर्शाएका वेरुजु नियमित, असूल उपर तथा सम्परीक्षण गरी फर्छयौट गर्ने गराउने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ भन्ने व्यवस्था छ। पालिकाको गत विगत वर्षको बेरुजू रु. ३२०१ हजार रहेकोमा निम्नानुसार रु. ५३३ हजार फछ्यौट गरि पेश भएकोले सम्परीक्षण गरीएको छ। बाँकी बेरुजूफछ्यौट गर्न पालिकाको ध्यान जानु पर्दछ।

| दफा | आर्थिक वर्ष | बेरुजुको व्यहोरा | बेरुजु रकम | फछ्यौटको व्यहोरा | फछ्यौट रकम |
|---|---|---|---|---|---|
| २१ | २०७५/७६ | जिन्सी दाखिला सम्बन्धमा | ४१६९१० | जिन्सी दाखिला भइ सोको प्रतिवेदन पेश नभएको | ४१६९१० |
| २४/ | २०७५/७६ | कर छुट दाखिला सम्बन्धमा | ३२८८६ | कुल कर छुट दाखिला मध्ये गंगा न्यौपाने पौडेलले रु.२६६५।,सरस्वती मास्केले रु.४९४६।, संगिता अधिकारीले रु.१२२६। र ईन्द्रहरी भट्टराईले रु.१३६५। गरी जम्मा रु.१०२०२। मात्र दाखिला गरी रु.१०२०२।मात्र बेरुजु फछ्यौट भएको | १०२०२ |
| २६ | २०७५/७६ | घाँस वितरण भर्पाइ | ४९५० | घाँसको वितरण भर्पाइ पेश भएको | ४९५० |
| २८ | २०७५/७६ | निरिक्षण अनुगमन | १०००० | अनुगमन प्रतिवेदन पेश भएको | १०००० |
| २९ | २०७५/७६ | औषधी खुवाएको घरधुरी संख्या | ९१३२१ | औषधी वितरण भएको घरधुरी खुल्ने विवरण पेश भएको | ९१३२१ |
| **जम्मा** | | | **५५६०६७** | **जम्मा** | **५३३३८३** |

**६६.** **<u>संचितकोष तथा बेरुजुको स्थिति</u>** – पालिकाको संचितकोषको विवरण, बेरुजु (विनियोजन, राजश्व , धरौटी र अन्य कारोबार) वर्गीकरण र अद्यावधिक बेरुजुको स्थिति क्रमशः अनुसुची-१, अनुसुची-२ र अनुसुची-३ मा समावेश गरिएको छ।

## कनकाई नगरपालिका, झापाको सञ्चित कोष विवरण -अनुसुची १

**२०७६।७७** (रु.हजारमा)

| क्र.सं | स्थानिय तह | जिल्ला | लेखापरीक्षण रकम | बेरुजु रकम | बेरुजु प्रतिशत | आय | | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजश्व बाडँफाड रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजिगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | | | | १ | २ | ३ | ४ | ५ | ६(२+३+४+५) | ७ | ८ | ९ | १०(७+८+९) | ११(१+६-१०) |
| १. | कनकाई नगरपालिका | झापा | १४५२०५२ | २३८६५ | १.६४ | ७१९८५ | ५४६२०७ | ७४७९० | ६०३८७ | ६५३६८ | ७४६७५२ | ३७४०५६ | २६८४११ | ६२८३३ | ७०५३०० | ११३४३७ |

## बेरुजु वर्गीकरण (विनियोजन, राजश्व, धरौटी र अन्य कारोबार) — अनुसुची २

**२०७६।७७** (रु.हजारमा)

| सि.नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजु | | | बाकी बेरुजु | | | | | | पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | कर्मचारी | अन्य | जम्मा |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | | |
| १. | झापा | कनकाई नगरपालिका | ४३ | ३२ | २६२९६ | ० | ६ | २४३१ | ४३ | २६ | २३८६५ | ५०२५ | ४४४० | ८१५२ | ० | ८०० | १३३९२ | १५० | ५२९८ | ५४४८ |

## अद्यावधिक बेरुजु स्थिति— अनुसुची ३

**२०७६।७७** (रु.हजारमा)

| क्र.सं | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | समायोजन | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारबाही गर्न बाकी रकम | गत वर्ष सम्मको बाकी रकम | सं.पबाट कायम बेरुजु | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु | ५८ औं प्रतिवेदन सम्मको बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | कनकाई नगरपालिका | झापा | ३१३४ | ० | ५३३ | ५३३ | ० | ० | २६०१ | ० | २३८६५ | २६४६६ | ५४४८ |